Jana Aakash
National Weekly
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष-१५ , अंक- ३, २०७९ साल साउन १७ गते मंगलबार (Aug 2, 2022) www.janaakash.com.np मूल्य रु १०।-

सम्पूर्ण प्रगतिशील जनवादी तथा देश भक्त युवाहरु एक हौं ।

प्रगतिशील युवा संघ, नेपाल

१ नं. प्रदेश कमिटि,
इटहरी, सुनसरी

कमरेड सुजन तामाङ्ग
१ नं. प्रदेश कमिटि सदस्य
प्रगतिशील युवा संघ, नेपाल



समवेदना पत्र

कमरेड,

तपाईको जीवन साथी सविता तामाङ्ग(राई) को यहि मिति २०७९ असार २८ गते सुनसरी, इटहरी-८ स्थित निवासमा २८ बर्षको उमेरमा असामयिक आकस्मिक देहावशान भएको खबर पाउँदा हामी स्तब्ध एवम् अत्यन्त मर्माहत भयौ ।अचानक पत्नि शोकमा पर्दा तपाईमा उत्पन्न बेदनालाई हामीले अन्तर-मन देखि नै अनुभूत गरेका छौ ।

मानव जीवनको संरक्षण, विकास र असल मार्गदर्शन सम्बन्धि अभिभावत्वका अनगिन्ती कार्यहरुका स्मृति छालमा पौडिदा भौतिक रुपले अभिभावकबाट सदाको निम्ति छुट्टिनुपर्दा हामीलाई शोक एवम् प्रेरणाले अत्ति व्याकुल बनाउछ । जन्म र मृत्यु हाम्रो भौतिक जीवनका शाश्वत सत्यहुन भन्ने कुरा बुझ्दा बुझ्दै पनि हामी तत्कालिक रुपमा बेदनामा पुग्दछौ ।हामी विश्वष्त छौं की तपाईले प्रकृतिको कठोर नियतिलाई क्रमिक रुपमा स्वीकार गर्नुहुनेछ र तत्काल व्यहोर्नु परेको शोकलाई शक्तिमा परिवर्तन गर्न सक्नुहुनेछ ।

यस दःखद् घडिमा हामी दिवङगत तपाईको जीवनसाथी प्रति भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दै उहाँलाई चिर शान्ति प्राप्त होस् भनि कामना गर्दछौं । साथै तपाई सहित शोक सन्तप्त सबै आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु, स परिवार तथा आफन्तजनहरुमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राम कुमार राई
सचिव
प्रगतिशील युवा संघ, नेपाल

उद्धिम खड्का
केन्द्रिय सह-संयोजक
तथा
प्रदेश इन्चार्ज
प्रगतिशील युवा संघ, नेपाल

# राष्ट्रपतिद्वारा बढ्दो आयतप्रति चिन्ता

**मोहन कार्की,**

काठमाडौ । नेपालका राष्ट्रपति बिद्यादेवी भण्डारीले नेपालमा बार्षिक १९ खर्वको आयात हुनुले देशको लागि चिन्ताको बिषय भएको बताउनु भएको छ । उहाँले देशका बिभिन्न सञ्चारमाध्यमका प्रकाशक/सम्पादकसँगको भेटघाटमा उक्त कुरा बताउनु भएको हो । उहाले भन्नु भएको छ "हाम्रा उत्पादन न्युन छन् आयातमा हाम्रो निर्भरता अनियन्त्रित भई बढिरहेको र हाम्रो बैदेशिक मुद्रा सञ्चितिलाई बढ्दो आयातले निरन्तर दवावमा राखिरहेको छ । जनवाट देशको समग्र अर्थ व्यवस्थामा चिन्ताको बादल छाएको छ । १७ खर्बको बजेट बनाउने हाम्रो मुलुकले १९ खर्बको बार्षिक आयात गर्नुपर्ने कम चुनौतिपुर्ण छैन ।

त्यसको बिकल्पमा विद्युतिय सवारी साधन, विधुतिय घर, भान्सामा प्रयोग हुने सामग्रीहरु विधुतियवाट नै चलाउने बनाउनुपर्ने, पेट्रालियम पदार्थ, एलपी ग्यासको प्रयोग कम गर्दै लैजान र पेट्रालियम पदार्थ इन्धनबाट चल्ने सवारी साधनलाई विस्थापन गर्दै लैजान सम्बन्धित निकायहरुलाई कार्यन्वयनमा लैजान सवै सचेत नागरिकहरुको प्रयास आवश्यक देयिएको छ ।" भन्नु भएको



थियो । देशमा आर्थिक संकट उत्पन्न नदिन सवै खालका प्रयास आवश्यक रहेको धारणा राष्ट्रपतिको थियो ।

नेपालका राष्ट्रियस्तरका पत्रकारहरुलाई सवैलाई बोलाइएको भएपनि कतिपय राष्ट्रियस्तरका पत्रपत्रिकाका पत्रकार सम्पादकहरु देखिएका थिएनन् । राष्ट्रपतिले पत्रकार सम्मेलनमा देशको वर्तमान अवस्थामा देखिएका चुनौतिलाई सवै मिलेर सामना गर्न आग्रह गर्दै प्रेस बिज्ञप्ति समेत देशको नाममा सम्बोधन गर्नुभएको थियो ।

राष्ट्रपतिले राख्नुभएको धारणा यस्तो छ ।

विभिन्न सञ्चारमाध्यमका प्रकाशक तथा सम्पादक मित्रहरू,

राष्ट्रपति कार्यालयमा म यहाँहरूलाई हार्दिक स्वागत गर्दछु ।

विभिन्न प्रसङ्गमा तपाईंहरूसँग भेटघाट भइरहेकै भएतापनि यस्तो प्रकारको सामूहिक जमघट निकै लामो समयपछि हामीले आयोजना गर्न सकेका छौं । विगत साढे दुई वर्षदेखि कोभिड १९ महामारीका कारण हामीले सबैसँग एकैसाथ भेटघाट गर्न सकिरहेका थिएनौं । अझै पनि महामारी पूर्ण रूपमा उन्मुलन भइसकेको छैन । खोपको उपलब्धताका कारण भाइरसको प्रभाव विस्तारै नियन्त्रित भइरहेको हुनाले हामी सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुन थालेका छौं । यद्यपि सावधानीसहित सरसफाईमा ध्यान दिनुपर्ने, मास्कको प्रयोग गर्नुपर्ने, व्यक्तिगत दूरी कायम गर्नुपर्ने अवस्था बाँकी ६ पृष्ठमा

# विवेकशील साझा पार्टीका सचिवालय प्रमुख उप्रेतीले पनि ठोके राजीनामा

काठमाडौ । यहि साउन १३ गते विवेकशील साझा पार्टीका केन्द्रीय कार्यालय व्यवस्थापन प्रमुख र प्रशासनिक तथा अर्थ व्यवस्थापन समितिका सभापति समेत समालिरहका केन्द्रीय सदस्य दिपक प्रसाद उप्रेतीले पदबाट राजीनामा दिएका छन् । पार्टीको पछिल्ला विकसित घटनाक्रमले निराश बनेका उप्रेती पछिल्लो समय पर्ख र हेरको अवस्थामा थिए ।

२०७५ फागुनमा पार्टीको औपचारिक सदस्यता लिएका उप्रेती मध्यपूर्वको सद्भाव समूहको संयोजक, हुँदै २०७७ असोजमा केन्द्रीय सदस्यमा मनोनित भएका थिए। केन्द्रीय सदस्य नियुक्त भएसँगै केन्द्रीय कार्यालय व्यवस्थापन प्रमुख र त्यसको लगत्तै प्रशासनिक तथा अर्थ व्यवस्थापन समितिको सभापतिको समेत जिम्मेवारी पाएका उप्रेती पार्टीका आन्तरिक विवादहरूमा तटस्थ रहँदै आएका थिए । पछिल्लो समय राष्ट्रिय दल बाहेक अन्य पार्टीहरूले स्थानीय तहको निर्वाचनमा दलको चुनाव नपाउने कानुनी प्रावधानको विरुद्ध पार्टीको तर्फबाट नेतृत्व गर्दै ३८ दलको मोर्चा बनाएर सङ्घर्षमा उत्रेका उप्रेती पार्टीको आन्तरिक कलहको बाबजुद अन्तिम समयमा अप्रत्याशित किसिमले स्थानीय तह निर्वाचनमा लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष पदमा प्रतिस्पर्धा गरेका थिए । पार्टी अध्यक्ष रवीन्द्र मिश्रले राजीनामा दिएको लामो समय बितिसक्दा पनि नयाँ अध्यक्ष नियुक्त गर्न नसकिरहेको अवस्थामा पार्टीको महत्त्वपूर्ण जिम्मेवारी सम्हालिरहेका उप्रेतीको राजीनामा पछि विवेकशील साझा पार्टीमा विवेक हराउदै गएको भान समाजले हेर्न थालेको छ । विवेक प्रयोग गर्नेगरी स्थापना भएको अभियाँन पार्टीको रुपमा रुपान्तरण हुदै आएको थियो । त्यस पार्टीका अभियान्त तथा संयोजक उज्वल थापाको असमायिक निधले विवेक हराउन थालेको देखिदै गएको छ ।

# नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गैरकानुनी : शेरचन

काठमाडौं । यातायात व्यवसायीहरुको छाता संगठन भनेर



चिनिदै आएको नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघ गैरकानुनी भएको खुलासा भएको छ । काठमाडौंको टौडहमा भएको बालाजु बाइसधारा यातायात प्रा.लि.को साधारणसभामा बिशेष अतिथिको रुपमा आएका सार्वजानिक यातायात केन्द्रीय महासंघका वरिष्ठ उपाध्यक्ष हेमन्त शेर चनले नेपाल यातायात ब्यावसायी र ाष्ट्रिय महासंघ गैरकानुनी भएका उक्त धारणा राखेका हुन् ।

उनले २०१८ गुठी ऐन अर्न्तगत दर्ता भएका संघ/संस्थाहरु सवै २०७२ सालको नयाँ संविधानमा स्वत निलम्बनमा परे जस्तै उद्योग बाणिज्य महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ लगायतले २०३४ लाई टेकेर महाधिवेशन गरे, त्यसमा यातायात व्यवसायीहरुलाई त्यो २०३४ लाई टेकेर जान नदिने भन्यो २०३४ जान नपाउने भएपछि त्यसलाई संशोधन पनि गर्न नमिल्ने र खारेज गर्न पनि नमिल्ने भएपछि आपत्त आइलाग्यो ।

कसैलाई पनि नविकरण गर्न दिएन सरकारले त्यसपछि गृह मन्त्रालयले यातायातको क्षेत्रमा कुनै ऐन बनाउला भनेर एउटा आदेश पत्र आयो तर हाललाई नेपाल यातायात व्यवसायी र ाष्ट्रिय महासंघ कानुन सम्मत छैन । भनेपछि उक्त बिषयमा नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासंघको केन्द्रीय सल्लाहकार म रहेको तर यो गैर कानुनी रुपमा संस्था चलाउनु हुदैन सररकार ले प्रा.लि. जा भनिसक्यो त्यसैले हामीले कानुनको पालना गर्नुपर्छ भनि प्रस्ताव राख्दा मलाई नै उल्टै साथीहरुले गलत अर्थ लगाएका थिए । आज तिनै साथीहरु बाँकी ६ पृष्ठमा

# फिक्कलमा फेसबुकवाटै सेवाको जानकारी लिन सकिन


सिन्धुली । सिन्धुलिमा अ .सव



इन्जिनियर पदमा कर्यरत प्रदीप खुलालले आफुमा भएको प्रविधिक ज्ञान प्रयोग गरेर सेवाग्रहिहरुलाइ सहज बनाएका छन ।

पछिल्लो समय कुनै व्याक्तिको नाममा वा सस्थाको नाम गरि फेसबुक खोल्ने र पेज खोल्ने त एउटा चलन नै भै सकेको छ । कति कार्यालयको नाम गरेको फेसबुक खोलेर हेर्दा नाम हुन्छ तर कुनै अपडेट भने पाउन गारो हुन्छ,सोहि क्रममा सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका को भौतिक पुर्वाधार शाखा फिक्कल नाम गरेर खोलिएको फेसबुकले अहिल्य पछिल्लो समय आफ्नो शाखा मार्फत हुने विकास निर्माणका काम होस वा आफनो शाखा सगँ जोडिएर आएका सुचनाहरु सबै जस्तो कुरालाई समेटि आफनो फेसबुक मार्फत जनता सगँ पुर्याउने काम गरेको छ ।

हामिले सोहि गाउँपालिकाका सुचना प्रविधी अधिकृत ई.दिनेश भन्डारीलाई यसै बिषयमा प्रश्न गरेका थियौ । भौतिक पुर्वाधार तथा भवन निर्माण शाखाको पनि बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# देशको पक्षमा हुने आन्दोलन मात्र गरौं

नेपालमा आन्दोलन वेला वेलामा हुने गरेको छ । ति आन्दोलनहरुले जनतालाई सास्ती दिन र रामेको ठाउमा स्यामे, स्यामेको ठाउमा रामे देशको महत्वपुर्ण पदीय कुर्सीमा पुग्नवाहेक अरु केही उपलब्धि हासिल भएको देखिदैन । यस्ता आन्दोलनहरु नेपालको हितमा भएका रहेनछन् विगतमा र अहिले आन्दोलन गर्ने पार्टी र तिनका नेता पनि तिनै भएको हुनाले यस्ता आन्दोलनको कुनै औचित्य नेपाली जनताले नठानेका हुन् ।

आन्दोलन गरेर सरकारमा रहेको सत्ताधारी शक्तिले राजिनामा नदिए वा नछोडे पृथ्वी नै पल्टाईदिने जस्तै गरी भाषण गर्दै आन्दोलन गर्न जनतालाई उत्तार्ने र जनताको समस्या आजको भोलि छु मन्तर गरेर सावधान गर्ने जस्ता अपत्यारिला कुरा गरेर आश्वसन बाड्ने र तिनै सत्तामा पुग्ने र पुनः विगतको सरकारले गरेको काम जतिको पनि कुनै पार्टीको नेताहरु सरकारमा जादा काम गरेको देखिएका छैनन् ।बरु परिवर्तनको नाममा बिगार्दै-बिगार्दै लगेकाछन् । त्यसैले जनताले विश्वास गर्ने आधार नबनेको हो ।

राणा साशन विरुद्ध गरेका आन्दोलनले राणा साशनको अन्त्य गरेको भएपनि राणाले भन्दा देश र जनताको हितमा कुनैपनि पार्टीको सरकारमा प्रगति भएको देखिदैन एउटा महेन्द्रकालीन साशन वाहेक नेपालका आन्दोलनहरु ठुला देशका पक्ष र विपक्षमा शक्ति प्रदर्शन गर्ने परिचालनका रुपमा मात्र देखा परेका देखिन्छन् ।

२००७ साल भारतीय लवीमा त्रिपक्षिय दिल्ली सम्झौतवाट परिवर्तन भएको मानिन्छ । त्यसैगरी २०४६ साल भारतीय सहयोगमा नै जनआन्दोलन भएको देखिन्छ । त्यो आन्दोलन गराउन केही भारतीय नेताहरु नेपालमा आयर गणेशमानको च्याक्सीवारीवाट र बिराटनगरको कोइराला निवासवाट भारतीय नेताहरुले हामरे आन्दोलन आगे बढे हे नही रोकिङ्गे जस्ता नारावाट शुरु भएको नेपालका आन्दोलन तिनै आन्दोलनमा सहभागी भएको नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (हालको एमाले) जसको जन्म नै भारतमा भएको थियो । त्यो अस्थिरता नेपालका ल्यायर त्यतिनै वेला भारतले नेपालको भुमिहरु माहाकालीको शारदा ब्यारेज,पुर्णगिरी बाध, टनकपुर धमाधम बनाएको थियो यो माथिका लाईन पढिसकेपछि आन्दोलन कसका लागि भएको रहेछ भन्ने प्रष्ट हुन्छ । नेपाललाई कमजोर बनायर भारतीय स्वार्थ पुरा गर्न गरिएको आन्दोन रहेछ भन्ने देखिन्छ । अझ यसलाई छोटोमा महाकाली खाने भारतको दाउमा आएको परिवर्तन मान्न सकिन्छ ।

यिनै आन्दोलनहरु पछि नेपाल र भारतवीचमा भएका सम्झौताले नेपालको सर्वभौमसत्ता तथा प्राकृतिक स्वतन्त्रता गुमाएको अवस्था छ । कोशी सम्झौता २०११ साल, गण्डक सम्झौता २०१६ एकीकृत महाकाली सम्झौता २०५३ साल असोज ३ गते गरेर नेपालको राष्ट्रिय हितबिरुद्धको कार्य गर्नेहरु नै आजसम्म देशका प्रमुख पदहरुमा बसेका छन् ।

तिनै मानिसहरु पार्टीका प्रमुख, सरकारमा आलोपालो मिलायर वा शक्ति केन्द्रहरुको स्वार्थ नमिल्दा बेरोजगार नेपालीहरुलाई हुलहुज्जत जम्मा गरी केही दिनका लागि भाडामा प्रयोग गरेर आन्दोलन गर्ने र पालैपालो विदेशी स्वार्थमा काम गर्ने नेताहरु देशको साशन चलाई रहेकाछन् । आन्दोलन तिनैले गरिरहेका छन् । यो नेपाल देश र नेपाली जनताको हितमा देखिदैन । विगतमा भारतको स्वार्थ पुर्ति गर्न मात्र देखिएका दलहरु आजको दिनमा आइपुग्दा नेपालको परराष्ट्र कुटनीति असफल जस्तै भएर शक्ति केन्द्र चीन र अमेरिका क्षेत्रिय शक्तिहरु भारत, ईरोपियन युनियनको समेत प्रयोग राजनीतिक दलहरु भएका हुन थालेका छन् ।

यस्ता प्रयोगवादी राजनीतिक पार्टीहरुले गरेको आन्दोलन कीमार्थ नेपाल देश र नेपाली जनताको लागि हुनै सक्दैन । नेपाल देशको पक्षमा यि माथिका उल्लेखित पार्टीले काम गरेको भए राणाकालीन साशन ब्यवस्थामा स्थापना भएका राम्रा उद्योगहरु सञ्चालनमा राखेर ठुलो स्केलमा नेपालको आर्थिक बृद्धि गरेका हुने थिए । तर उनिहरुले ति उद्योगहरु नीजिकरण गरेर स्वहा बनाए, राणा साशकहरुले बनाएका कलेज, स्कुल, हस्पिटल, बैंक, सरकारी भवनहरु राम्रोसँग मर्मत समेत गर्न सकेनान् । अन्तराष्ट्रिय कुटनीतिक सम्बन्ध प्रगाढ बनाउन सकेनन् । उल्टै बिगार्दै लगे, देश र जनताको पक्षमा यि माथि उल्लेख गरेका पार्टी, नेताहरुले आन्दोलन गरेको भए देशले साच्चै काचुली नै फेरको हुनेथियो । तर अवस्था त्यस्तो छैन । दिनानु दिन नेपाल परनिर्भर हुदै गएको छ । विदेशीहरुको युद्धभुमिमा देश परिणत हुन लागिरहेको छ । काम गर्ने मेहेनती नेपालीहरुलाई बानी बिगारेर आन्दोलन गर्ने राजनीतिको नाममा बेतुकका गफ चुटेर दिनभरी बस्ने अरुका कुरा काट्ने आफु सिन्को नभाच्ने बातावरण बनाई राजनीतिक पार्टीहरुले ब्यक्ति विशेषलाई नेता बनाउन प्रयोग गर्ने जनता पनि प्रयोगवादी जनता भएका छन् ।

यस्ता प्रयोगवादी आन्दोलनमा जनताले सहभागी भएर पार्टी नाममा नेताहरुलाई सघाउनु देश र जनताको हित विपरित हुने देखिदै गएको छ ।

आन्दोलनले देशमा भएका कुरिति,थिति हटाएर असल साशनको शुरुवात गर्नुपर्ने हो । तर नेपालमा विगतमा भएका र वर्तमानमा भएका आन्दोलन नेपालमा अराजक सृर्जना गरी कुनै कार्टेलिङ गर्ने काला ब्यापारीलाई सामान भवाव देखाएर फाइदा पुऱ्याउन वा शक्ति केन्द्र राष्ट्रहरुको स्वार्थ पुरा गर्न, नेपालमा अस्थिरता देखाएर नेपालको प्रकृतिक सुन्दताको प्रचार रोकी टुरिज्म क्षेत्रलाई सिथिल बनाउन, नेपाललाई यस्तै यस्तै के के बाहनामा अस्थिरतामा फसाउन पाए सधैंभरी आफ्नो अनुकुल चलाउन शक्ति केन्द्रहरुलाई समेत सजिलो हुने भएको हुनाले र नेपालमा ठुला स्केलका उद्योग, कलकारखाना, ब्यापार फस्टाएमा भारत-चीन दुवैलाई ब्यापारमा असर पुग्ने देखेर नै होला नेपालको प्रच्चुर विकास गर्न आउन खोज्ने असल नेतृत्वहरुले अवसर नपाउने असल ब्यक्तिहरुले गरेका आन्दोलन देशका पक्षमा भएका आन्दोलन कुत्सित ढंगवाट दवाउने काम भइराखेकै छन् ।

देशको पक्षमा हुने आन्दोलन उठ्न सकेको छैन । वास्तविक नेपाली जनताको परिवर्तन भएको छैन । तर विदेशी आडमा हुने आन्दोलन धेरै भईसकेका छन् । यस्तै भईरहन्छन् । संख्या धेरै देखिन्छन् । अन्ततः देशको पक्षमा हुदैनन् ।

त्यसैले देशको पक्षमा हुने पत्यारिलो आधार भएको देशभक्तहरुको देशपक्षिय आन्दोलन देशले खोजेको छ । नकि त्यो विदेशीको पक्षमा देशको असमान सन्धि गर्नेहरुले आफुले सरकारमा स्वार्थ पुर्ति गर्न नपाएको झोकमा गर्ने आन्दोलन र विदेशी शक्तिको स्वार्थको निम्ति गरिन लागेको आन्दोलनले देशको हितमा काम गर्छ भन्ने विश्वास विगतमा नै गुमाई सकेका छन् । त्यसकारण नेपाली जनताहरुले कुन आन्दोलन कुन पार्टी देशको लागि छ भनेर गहिरो गरी सोचेर मात्र पार्टीहरुले गरेका कार्यक्रममा देशको हितमा पत्यारिलो आधार रहेछ भने मात्र लाग्नु उचित होला कि ?

# एसईई : परिवर्तित संरचनामा पुरानै मनोविज्ञान

**नगेन्द्रराज पौडेल**

संविधानको अनुसूची ८ ले माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहको भनी किटान गरेको छ । प्रचलित शिक्षा ऐन तथा नियमावलीले शिक्षाका २ तह किटानी गरी १ देखि ८ आधारभूत र ९ देखि १२ लाई माध्यमिक तह भनेको छ । प्रत्येक कक्षाको परीक्षा विद्यालय आफैंले सञ्चालन गर्ने र तहको अन्तिम परीक्षा तेस्रो पक्षबाट सञ्चालन गर्ने चलन पुरानै हो । विगतमा प्राथमिक तहको अन्त्यमा कक्षा ५, निमावि तहको अन्त्यमा कक्षा ८ र माध्यमिक तहको अन्त्यमा कक्षा १० (एसएलसी)को परीक्षा सञ्चालन, व्यवस्थापन यसरी नै गरिएको थियो । आजको कक्षा १० माध्यमिक तहको अन्तिम कक्षा होइन । यो तहको शैक्षिक अधिकार स्थानीय तहमा सरिसकेको छ । यसैले विगतमा झैं अनावश्यक तामझाम अब जरुरी छैन । आज पनि विद्यार्थीमा एसईईलाई लिएर मनोवैज्ञानिक त्रास र भय सिर्जना गराउन छाडिएको छैन । हिजोकै फलामे ढोका मानिने एसएलसीकै शैली आज कक्षा १० को परीक्षामा पुनरावृत्ति भएको छ । शिक्षाविद् संघीयतामा मुलुक गइसकेपछि माध्यमिक तह र खासगरी कक्षा १० का लागि सरकारी हौवा आवश्यक नपर्ने बताउँछन् । शिक्षविद् डा. मनप्रसाद वाग्ले सामाजिक सञ्जालमार्फत् 'संविधानले जिल्ला क्रियाकलाप कल्पना गरेको छैन । जिल्ला प्रशासन कार्यालयसमेत प्रादेशिक संरचनाअन्तर्गत ल्याउनुपर्छ । शिक्षामा जिल्लाको अवधारणाले संघीय शिक्षाको मर्म माथि नै प्रहार गर्ने पक्का छ । शिक्षा विकास तथा समन्वय इकाई खारेज गर्नुपर्छ भन्दै शिक्षाको वर्तमान संरचनाप्रति नै असहमति राख्छन् ।

फलामे सांलो भनेर हाउगुजी देखाइने यो परीक्षा आज आएर कक्षा ११ का लागि प्रवेशको आधार मात्र भएको छ । शिक्षा ऐनमा गरिएको परिवर्तनसँगै आधारभूत तहमा शिक्षक हुनका लागि पनि कम्तीमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्ने व्यवस्थाले गर्दा कक्षा १० को अन्त्यमा लिइने परीक्षालाई ठुलै तामझाम देखाउन आवश्यक छैन । विद्यार्थीको भावी सिकाइलाई गन्तव्यतिर लैजाने र आगामी दिनका लागि शैक्षिक मार्गदर्शन गर्ने काममा भने यो परीक्षा र त्यसको परिणामलाई उपयोगी बनाउन सकिन्छ ।

निराशाजनक नतिजा

२०७८ सालको कक्षा १० को परीक्षाफल अघिल्लो साता सार्वजनिक भयो । सार्वजनिक गरिएको नतिजाअनुसार ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या यसपटक ९ हजार ६ सय ३३ जना देखिए । जबकि, विगत २०७६ र २०७७ मा यति नै जीपीए ल्याउनेको संख्या क्रमश: ७८ हजार १ सय ९६ र ७२ हजार ८ सय ७१ थियो । ४ जीपीए ल्याउने त यो साल सिला खोज्नुपऱ्यो । कतिपय जिल्लामा त एक जना पनि ४ जीपीएका विद्यार्थी भेटिएनन् । यी दुई वर्षका तुलनामा यो वर्ष जीपीए किन यसरी ह्वात्तै घट्यो ? खोजको विषय देखिन्छ । स्याङ्जा, बागलुङ, तनहुँमा १ जना पनि ४ जीपीए ल्याउने देखिएनन् । सयौं निजी विद्यालय भएको कास्कीजस्तो जिल्लामा मुस्किलले २ जनाले मात्र ४ जीपीए ल्याए । विगत दुई वर्ष कोरोना महामारीका कारण भौतिक उपस्थितिमा परीक्षा सञ्चालन हुन सकेको थिएन । यो साल भयो । के यही कारण मात्र हो त जीपीए घट्नुको ? कि अरू कारण पनि छन् ? यसको व्यापक खोज तथा अनुसन्धान आजको आवश्यकता हो ।

**तहगत शिक्षकको अभाव आज पनि छ । विद्यालय ब्यवस्थापन समितिले रिक्त शिक्षक दरबन्दीमा विषयगतभन्दा पनि आ□ना अनुकूलका मान्छेलाई नियुक्त गर्न वा सरुवा गर्नैका लागि विषय परिवर्तन गर्ने चलन छ । यसले गर्दा आज कैयन विद्यालयमा सामाजिक विषयका शिक्षकको भीड छ भने विज्ञान शिक्षकको अभाव छ । शिक्षकको नियमिततासमेत हुँदैन । यसलाई नियन्त्रण गर्ने हैसियद प्रधानाध्यापकसँग छैन । दिइएको बजेटको समुचित परिचालन समेत हुन सकेको छैन । प्रावि तहका शिक्षक माविका प्रअ बनेका छन् । ज्येष्ठताको कुनै गुन्जायस नै छैन । गिर्दो मनोबलले उच्चस्तरीय कार्य सम्पादन गर्न सक्दैन ।**

सोच्नैपर्ने बनायो

यो अवस्थाले माध्यमिक शिक्षा प्रणालीको गुणस्तर सम्बन्धमा सोच्नैपर्ने बनाएको छ । शिक्षाको गुणस्तर सुधारमा ढिलो नगर्न चेतावनी दिएको छ । सरकारले यसै वर्षदेखि नयाँ निर्देशिका जारी गरेर नतिजा प्रकाशित गर्ने गृहकार्य गरेको थियो । नतिजा प्रकाशनको सम्मुखमा आएर शिक्षा मन्त्रालयले पुरानै मूल्यांकन पद्धति अपनाउने निणर्य गऱ्यो । नयाँ निर्देशिका कार्यान्वयनमा आएको भए अझ कमजोर नतिजा आउँथ्यो । पुरानो निर्देशिकामा २० अंकभन्दा थोरै ल्याउनेलाई 'ई' ग्रेडमा राखेर कक्षा ११ मा भर्ना हुनसक्ने प्रावधान थियो । नयाँ निर्देशिकामा भने ३५ भन्दा कम प्रतिशत ल्याउनेलाई 'नन ग्रेडेड'मा राखिने व्यवस्था गरेको छ । त्यसको अर्थ त्यस्ता विद्यार्थीले कक्षा ११ मा भर्ना पाउनबाट वञ्चित भई ठुलै समस्या आउन सक्ने थियो । पुरानै निर्देशका कार्यान्वयन भएकाले भर्ना हुनबाट भने रोकिने अवस्था देखिएन ।

शिक्षामा वार्षिक ७० अर्ब रुपैयाँभन्दा बढी बजेट विनियोजन हुँदा पनि रकम थोरै भयो भन्ने प्रतिक्रिया आइरहेको यो अवस्थामा यही लगानी पनि सदुपयोग भएको त होइन भन्ने प्रश्न खडा हुन्छ । समग्र रूपमा एसईई परीक्षाको खस्किँदो नतिजाले विद्यालयस्तरीय माध्यमिक शिक्षा तथा शिक्षकको शिक्षण विधिका सम्बन्धमा भने प्रश्न उठाएको छ ।

विषयगत शिक्षकको व्यवस्था, सतप्रतिशत शिक्षकलाई तालिम, सबैसँग अध्यापन अनुमति पत्रको अनिवार्य व्यवस्था, विद्यालयको भौतिक निर्माण तथा सुधारजस्ता कार्यमा सरकारी लगानी आज पनि अब्बल छ । विद्यार्थीका लागि निःशुल्क पठनपाठन, निःशुल्क पाठ्यपुस्तक, महिला तथा दलितका लागि छात्रवृत्तिको व्यवस्था, २२० दिन विद्यालय खोली १९० दिन पठनपाठन हुनैपर्ने कानुनी व्यवस्था समेत छ । यी सबैको समुचित कार्यान्वयन र त्यसको अनुगमन हुन नसक्नु आजको सबैभन्दा ठूलो समस्या हो ।

कारण के हो ?

सामुदायिक विद्यालयमा दरबन्दी पुनरावलोकन हुन सकेको छैन । कतै पर्याप्त दरबन्दी छैन त कतै बिनाविद्यार्थी शिक्षक दरबन्दी थुपारिएको छ । 'जहाँ विद्यार्थी त्यहाँ शिक्षक'को नीति लागू हुन जरुरी छ । सरकारले २ वर्षअघि शिक्षक दरबन्दी पुनरावलोकन गर्न भनी पूर्वसचिव महाश्रम शर्माको नेतृत्वमा टोली गठन गरी प्रतिवेदन मागेको थियो । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन समेत गुपचुप हुने मुलुकमा यो समितिको प्रतिवेदन कार्यान्वयन होला भनेर पत्याउन सकिने अवस्था रहेन ।

संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई जिम्मा दिएको छ । अनुगमन, मूल्यांकनका लागि यी तह बढी जवाफदेही हुनुपर्ने थियो । तर, यिनले पनि शिक्षक भर्ना र सरुवामा नै रमाएको पाइयो, अनुगमन पटक्कै हुन सकेन ।

तहगत शिक्षकको अभाव आज पनि छ । विद्यालय व्यवस्थापन समितिले रिक्त शिक्षक दरबन्दीमा विषयगतभन्दा पनि आफ्ना अनुकूलका मान्छेलाई नियुक्त गर्न वा सरुवा गर्नैका लागि विषय परिवर्तन गर्ने चलन छ । यसले गर्दा आज कैयन विद्यालयमा सामाजिक विषयका शिक्षकको भीड छ भने विज्ञान शिक्षकको अभाव छ । शिक्षकको नियमिततासमेत हुँदैन । यसलाई नियन्त्रण गर्ने हैसियद प्रधानाध्यापकसँग छैन । दिइएको बजेटको समुचित परिचालन समेत हुन सकेको छैन । प्रावि तहका शिक्षक माविका प्रअ बनेका छन् । ज्येष्ठताको कुनै गुन्जायस नै छैन । गिर्दो मनोबलले उच्चस्तरीय कार्य सम्पादन गर्न सक्दैन ।

सिकाइ खोजौं

अब कक्षा १० को मात्र होइन हरेक कक्षा र तहको पठनपाठनपछि उत्तीर्ण वा अनुत्तीर्णको रोइलोभन्दा सिकाइ उपलब्धि कति पूरा भए कति भएनन् भन्नेतर्फ ध्यान दिन जरुरी छ । शिक्षाको मर्म पनि व्यावहारिक परिवर्तन हो र यसको मापन नै वास्तविक परीक्षा हो । ३६४ दिन पढेको कुरालाई एक दिन, त्यो पनि ३ घण्टामा व्यक्त गर्न सके वा नसकेका आधारमा उसको आगामी दिनको भविष्यवाणी सम्भव छैन । यसैका आधारमा गरिने भविष्यको मर्गदर्शन उपयुक्त नहुन सक्छ ।

अब उत्तीर्ण/अनुत्तीर्ण होइन सिकाइ खोज्ने बेला हो । ४० अंक ल्याए सफल ३९ ल्याए असफल भन्नुले वास्तविक जीवनमा अर्थ राख्दैन । यसकारण अब हिजो झैं २२० दिन विद्यालय खोल्नुपर्ने, १८० दिन पढाइ हुनुपर्ने भनेर कर्मकाण्डीय विधि पूरा गर्ने बेला आज छैन । आजसम्म हामीले बिरालो बाँधेर श्राद्ध गऱ्यौं । अब खोजी खोजी बिरालो नबाँधौं । अब विद्यालय कति दिन खोल्नुपर्छ यो चासो होइन । चासो सिकाइ भयो कि भएन भन्ने हो । आजसम्म पढाइमा जोड दियौं । अब सिकाइमा दिऊँ ।

सिकाइका तीन तहहरू हुन्छन् । औपचारिक, अनौपचारिक र अतिरिक्त । अब सिकाइका लागि विभिन्न माध्यमहरू प्रयोग गर्न लगाउनुपर्छ । हुनेले मोबाइलबाट पनि सिकून्, इन्टरनेटबाट सिकून्, जोसँग यी दुईवटै कुरा छैनन्, उनीहरूले घरका अग्रजबाट सिकून् । बाबुले आरनमा हँसिया तिखारेको हेरेर कतिपयका सन्तानहरू त्यस्तै बनेका कैयन उदाहरण आज पनि पाइन्छन् । सिकर्मीको छोराले बाबुले नसिकाउँदा नसिकाउँदै पनि बाबुको काम हेरेर ऊभन्दा सिद्धहस्त बनेर निस्केका बग्रेल्ती उदाहरणहरू छन् । उखु पेल्ने कोल बनाउन हामीलाई कुनै विज्ञानले सिकाएको थिएन । पानी घट्ट बनाउन र त्यसको प्रयोग गर्न हाम्रा पुर्खाले गणितका सूत्र घोक्नु परेन । हाम्रा पुर्खाका यी सीप कुनै वैज्ञानिकका भन्दा कम थिएनन् । यसैले अहिलेको विषम परिस्थितिमा सिकाइका विकल्प अनेक छन् । तिनको प्रयोग गरौं । परीक्षा र प्राप्तांकको मनोवैज्ञानिक भूतबाट बाबुनानीलाई परै राखौं ।

शिक्षा परिणाममुखी हुनुपर्छ भनेको धेरै भयो तर, आजसम्म किन व्यावहारिक र परिणाममुखी हुन सकेन चिन्ता त्यतातर्फ पनि हो । खोतल्दैं जाँदा समाजले चाहेको शिक्षा र हाम्रा बाबुनानीले चाहेको शिक्षाबीच तादात्म्यता नमिलेको देखिन्छ । के पढ्ने भन्ने कुरामा नै समाज र स्वयं पढ्नेवालाबीच स्वार्थ बाँझिएको देखिन्छ । यसैकारण बजारमा शैक्षिक बेरोजगारको ताँती त देखिने नै भयो, उल्टै पारिवारिक र सामाजिक संरचनामा समेत यसले विखण्डन ल्याउन सक्ने अवस्था सिर्जना गराउने सम्भावना देखिन्छ । पढाइको विषय चयनमा नै आजका बाबुनानीहरू नतमनस्क देखिन्छन् । तनाव त्यहाँबाटै सुरु शुन्छ । यसको समुचित समाधानका लागि अभिभावकीय भूमिका र मनोपरामर्श आजका धेरेजसो बालबच्चालाई जरुरी देखिन्छ । एक जना दार्शनिकले भनेका छन् कति पढ्ने भन्ने कुरा सबैलाई थाहा भए पनि के पढ्ने भन्ने कुरा कमैलाई मात्र थाहा छ ।

राजधानी दैनिक

# प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट सदूरपश्चिम प्रदेश प्रहरी अस्पताल शाखा धनगढी कैलालीको उद्घाटन

कैलाली । प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले धनगढी उपमहानगरपालिका( ३ स्थित नेपाल प्रहरी स्कुलको हाताभित्र सदूरपश्चिम प्रदेश प्रहरी अस्पताल शाखाको सोमबार आयोजित एक कार्यक्रमबीच समुद्घाटन गर्नुभयो । साथै सोही अवसरमा प्रहरी महानिरीक्षक सिंहले नेपाल प्रहरी स्कुलको हाताभित्र वृक्षारोपण समेत गर्नुभयो । कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले अस्पताललाई सञ्चालन गर्ने विन्दुसम्म ल्याउने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै अस्पतालले सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै नेपाल प्रहरीको जनमूखी कार्यलाई निरन्तरता दिएको उल्लेख गर्नुभयो । प्रहरी महानिरीक्षक सिंहले अस्पतालले प्रदेश अन्तर्गत विभिन्न जिल्लाहरूमा प्रहरी कर्मचारीहरू स्वास्थ्य उपचारकै लागि उपत्यका नै पुग्नुपर्ने वाध्यात्मक परिस्थितीको अन्त्य गर्दै सरल, सहज र गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गरिदिएको र यसले समग्र प्रहरी काम कारबाहीमा थप चुस्तता र प्रभावकारीता ल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

अस्पतालमा आउने सेवाग्राहीप्रति सभ्य बोली, असल व्यवहार र उचित परामर्श गर्नतर्फ अस्पताल परिवारलाई विशेष सजकता अपनाउन निर्देशन दिँदै प्रहरी महानिरीक्षक सिंहले चिकित्सकीय क्षेत्रका आधुनिक प्रविधि र विकासलाई आत्मसात गर्दै अस्पतालको स्तरोन्नती र विकास संगठनको प्राथमिकतामा रहेको बताउनुभयो । नेपाल प्रहरी अस्पताल महाराजगंजका प्रमुख प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा.आशा सिंहले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक मोहन कुमार आचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रममा धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण थापा, गेटा मेडिकल कलेजका निर्देशक डा. प्रमोद जोशी लगायतका महानुभावले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

# डेमोक्रेटिक एलायन्सद्वारा एउटै चुनाव चिन्हमा लड्ने

काठमाडौं । विभिन्न साना दल मिलेर गठन भएको डेमोक्रेटिक सोसलिस्ट एलाएन्स (डिएसए) ले आगामी निर्वाचनमा एउटै चिन्हमा चुनाव लड्ने घोषणा गरेको छ । एलायन्सको विधान र साझा अवधारणा समेत सार्वजनिक गरिएको हो ।

आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर विधान र साझा अवधारणा सार्वजनिक गर्दै एउटै चिन्हमा चुनावमा जाने घोषणा भएको हो ।

यसैगरी, पुर्व गृह राज्यमन्त्री तथा संविधान सभा सदस्य रिजमान अन्सारीले वर्तमान राजनीतिक नेतृत्वले जनताको आकांक्षा अनुसार पुरा गर्न नसकेर असफल भएको जिकिर गरे । उनले भने,'वर्तमान सरकारले जनताको आकांक्षा पुरा गर्न सकेको छैन् । नेपाली जनताले वर्तमान नेतृत्व र बहुदलिय व्यवस्थाको विकल्प चाहेका छन् ।' लोकतन्त्र र गणतन्त्रको विकल्प राजतन्त्र नभएको पनि उनले स्पष्ट पार्दै उनले भने,'लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र र गणतन्त्रको विकल्प समावेशी लोकतान्त्रिक गणतन्त्र जस्तो नेपाली जनताले चाहेका छन् । अब हामीले त्यस्तै बनाउनु पर्छ ।'

देशमा अब राजतन्त्र नफर्कने दाबी गर्दै अन्सारीले देश फर्कर पुनः उत्थानमा जान नसक्ने स्पष्ट पारे । कुनै न कुनै रुपले फेरी राजा ल्याउने षड्यन्त्र भइरहेको भन्दै उनले राजा ल्याउने सपना दिवासपना मात्र भएको टिप्पणी गरे ।

पत्रकार सम्मेलनमा बोल्दै एलायन्सका प्रवक्ता राजु कार्कीले साउन ९ गतेदेखि ११ गतेसम्म भएको छलफलले साझा अवधारणा बनाएको जानकारी दिए । उनले ११ वटा पार्टीहरु एउटै चुनाव चिन्ह लिएर जान तयार भएको जिकिर गरे ।

उनले भने,'ठूला राजनीतिक दलहरु पनि चुनावमा एक्लै जाने स्थितिमा छैनन् । हामीहरुले पनि संयुक्तरुपमा जाने निर्णय गरेका छौं । यति धेरै पार्टी एउटै चुनाव चिन्ह




लिएर जाने निर्णय गर्नु चानचुने होइन् ।' उनले अझै सकेसम्म पार्टी एकता गर्न खोजेको त्यो अहिलेनै सम्भव नभएपछि एउटै चिन्ह लिएर चुनावमा जान तयार भएको स्पष्ट पारे ।

अब देश समृद्ध बनाउन नयाँ पुस्ताका युवा नेताहरुको उदय हुनुपर्ने उनको भनाई थियो । बैठकले सातै प्रदेशमा समन्वय समिति निर्माण गर्ने र स्थानीय तहमा भएका पार्टीसँग छलफल गर्ने योजना आफुहरुको रहेको स्पष्ट पारे ।

उनले भने,'सबै प्रदेशका १०० जना प्रतिनिधीहरुलाई काठमाडौंको प्रज्ञा भवनमा २ हजार प्रतिनिधिहरुसहितको भेला गर्नेछौं ।'

यसैगरी, नेपाल लोकतान्त्रिक पार्टीका उप(महासचिव चेवान तुम्बाहाङ्ेले आफ्नो पार्टी बहुलवादमा आधारित भएको बताए । पार्टीले वंश र राजसंस्थालाई नबोकेको स्पष्ट पार्दै उनले पार्टीले संघीय प्रणालीलाई स्वीकार गर्ने बताए । उनले आफ्नो पार्टी समता समाजवादी अर्थनीतिलाई टेकेर अघि बढेको दाबी गरे । उनले आगामी चुनावमा थुप्रै स(साना पार्टी मिलेर जाँदा विजयी हुने विश्वास दिलाए ।

उन्नत लोकतन्त्र नेपाल पार्टीका अध्यक्ष स्वागत नेपालले देश अप्राकृतिक रुपले धेरै मिल्नेहरुको कारण बिग्रीएको दाबी गरे । उनले भने,'यो देश धेरै मिलीजुलीका सरकार बनेको कारण बिग्रिएको हो । टाउको लिएर आउ झोलामा पैसा लिएर जाउ र टाउको गिड्दै हिड्नेहरु अहिले मिलिरहेको अवस्था छ । देशको अवस्था प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको अप्राकृतिक गठबन्धनले बिग्रिएको हो । यो सम्बन्ध लामो बनाउँदा देशलाई घाटा पर्छ ।'नेपालले नेतालाई मन नपर्ने तर जनतालाई मन पर्ने विचार लिएर आफ्नो पार्टी अघि बढेको स्पष्ट पारे । जनताले नेतालाई बहिस्कार गर्ने मन नपर्ने तर जनतालाई बहिस्कारको अधिकार राइट(टु(रिजेक्ट चाहिएको उनले टिप्पणी गरे । उनले आफ्नो पार्टीले १२ वर्षदेखि जनतालाई मन पर्ने र नेतालाई मन नपर्ने विचार बोकेर हिडीरहेको उनले दाबी समेत गरे । उनले एमसीसी, एसपीपी र राष्ट्रघातका विरुद्ध उभिनेहरुबीच एकताको आवश्यकता रहेको औंल्याए । उनले भने,'उन्नत लोकतन्त्र पार्टी स्वतन्त्र अभियान, नेपाल आमा पार्टी, सचेत नेपाली पार्टी, सुशासन पार्टी लगायत १ दर्जन जति स्वतन्त्र समुह र पार्टीहरुले साझा उम्मेदवार, विचार, चुनाव चिन्ह र साझा कार्यक्रमको साथ अघि बढ्नुपर्छ भनेर निष्कर्ष निकालेका छौं ।'

नागरिक, सार्वभौम सत्ता र राष्ट्रियतालाई केन्द्रमा राखेर एलायन्सले यस्तो निर्णय गरेको उनले थप स्पष्ट पारे । नेपालले अब बिहीबार युनियन हाउसमा १ बजे बोलाइएको भेलामा सबै पार्टीलाई उपस्थित हुन र एक्यवद्धता जनाउन आग्रह गरे । आगामी चुनाव चिन्ह के गर्ने भनेर बिहीबार छलफल गरिने उनको भनाई थियो । पुराना नेताहरुलाई गाली गर्न नुहने उनको भनाई थियो । उनले भने,'पुराना नेताहरु अब आराम गरेर घरमा बस्नुपर्छ र उहाँहरुबाट देश बन्ने सम्भावना छैन् ।'

सचेत नेपाली पार्टीका संयोजक पुण्यप्रसाद प्रसाईले वैकल्पिक शक्तिको नाममा आफूलाई केन्द्रमा राख्ने व्यक्ति र अर्को स्वतन्त्र उम्मेदवार भनेर गलत किसिमले व्याख्या गरिएको भन्दै आपत्ती जनाए । साच्चै नै देश बनाउन चाहाने हो भने सम्पुर्ण वैकल्पिक शक्तिहरु एक हुनु पर्ने उनको भनाई थियो । राजनीतिमा सदाचारको आवश्यकता पर्ने भन्दै उनले राजनीतिज्ञ सदाचारी हुनुपर्ने उनको भनाई थियो । देशको राजनीति नेताहरुले आफुलाई केन्द्रमा राखेकैले बिग्रिएको उनको टिप्पणी थियो । आगामी दिनमा हुने भेलाले चुनाव चिन्ह छनौट गर्ने पनि उनले बताए ।

जनताको बहुमतले मात्र देशमा परिवर्तन सम्भव हुनेमा उनले जोड दिए । उनले भने,'देशमा आमुल परिवर्तनको लागि सर्वपहिचानवादको नीति ल्याउनुपर्छ । चाकडीले देश बन्दैन्, देश बनाउन चाकडीप्रथाको अन्त्य हुनुपर्छ ।' यो देशको सार्वभौमसत्ता, अखण्डता फालिने भन्दै उनले देश जोगाउन सबै मिल्नुपर्ने बताए ।

यसैगरी, नेपाल सुशासन पार्टीका महासचिव गोविन्द गिरीले पार्टी एकिकरण, एउटै चुनाव चिन्हबाट चुनाव लड्ने, गठबन्धन गर्ने र आफ्नै सुरले हिड्ने चार विकल्पको बारेमा बारे गत भेलामा छलफल भएको बताए । उनले भने,'विचार मिलेमा पार्टी एउटै बनाएर जाने अहिल्यै सम्भावना नभएपछि दोस्रो विकल्पमा गएका छौं । ११ दलले गीतार चुनाव चिन्ह रोजिसकिएको छ, अझै कोही आएमा आगामी साउन १९ गते चुनाव चिन्हमा सहकार्य गर्न सकिन्छ ।' उस्तै आदर्श, लक्ष्य र विचार भएका पार्टीसँग सहकार्य गर्न खोजेको समेत उनले बताए । लक्ष्य मिल्नेसँग चुनावमा गए भविष्यमा पार्टी पनि एकता हुने सम्भावना हुने उनको भनाई थियो ।

त्यस्तै, राष्ट्रिय जनमुक्ति पार्टीका महासचिव तोप अछामीले धेरै पाटीबिच एलायन्स हुनु अति नै राम्रो भएको तर उद्देश्य भने स्पष्ट पार्नुपर्ने बताए । उनले जनताले चुनेर पठाएका प्रतिनिधिहरुले सदनमा गाईजात्रा देखाइरहेको टिप्पणी गरे ।

विवेकशिल साझा पार्टीका प्रवक्ता विजय सिवाकोटीले स(साना पार्टीहरुबीच चुनावमा एउटै चिन्ह लिएर जाने निर्णय गरेर राम्रो गरेको बताए । कार्यक्रमको समापन गर्दै एलायन्सका अध्यक्ष सिबी गहतराजले आगामी दिनमा सबै पार्टी मिलेर वैकल्पिक शक्तिको रुपमा मात्र नभएर निर्विकल्प शक्तिको रुपमा अघि बढ्नुपर्ने आवश्यकता रहेको बताए । उनले भने,' आगामी दिनमा सबै पार्टी मिलेर वैकल्पिक शक्तिको रुपमा मात्र नभएर निर्विकल्प शक्तिको रुपमा अघि बढ्नुपर्ने आवश्यकता देखिएको छ । एकता वा मोर्चा बनाएर जाने हो, त्यसमा विचार पुर्याएर अघि बढ्नुपर्छ ।' सबै पार्टीलाई एलायन्समा आवद्ध भएर मिलेर जान समेत उनले आग्रह गरे । कार्यक्रमको सञ्चालन एलायन्सका महासचिव मानबहादुर तामाङले गरेका थिए ।

# प्रधानमन्त्रीलाई जेलस्वीको बाटो नहिड्न मैनालीको आग्रह

काठमाडौ । नेकपा (माले)का महासचीव सिपी मैनालीले मिति २०७९ साउन १३ गते रत्नपार्कको शन्ति वाटिकामा आयोजित कोणसभालाई सम्बोधन गर्दै नेपालका प्रधानमन्त्री शेर बहादुर देउवालाई अमेरिकाको योजनामा फसेर युक्रेनलाई जस्तै नेपाललाई बनाउने गरी जेलस्वीको बाटोमा हिड्न थालेको भन्दै प्रधानमन्त्रीलाई त्यस्तो जेलस्वीको बाटोमा नहिडेर नेपालको राष्ट्रिय स्वतन्त्र बचाउन विनम्र पूर्वक आग्रह गरेका छन् । उनले कोणसभालाई सम्बोधन गर्ने क्रममा यस्तो आग्रह गरेका हुन् ।

उनले विगतका उदारण समेत दिदै नेपाललाई खम्पा विद्रोहले समस्या पार्दा राजा बीरेन्द्रले सुझबुझका साथ पूर्खाहरु महेन्द्र, पृथ्विनारायण शाहको नेपाल दुई ढुङगा बीचको तरुल हो भनेर देशलाई माया गरेर देश जोगाए, वीरेन्द्रले महेन्द्र र पृथ्विनारायण शाहको इतिहाँस हेरेर नेपाललाई बचाएको दृष्टान्त दिदै त्यतिनै बेला वीरेन्द्रले देश जोगाउन खम्पाको विद्रोहलाई निस्तेज नपारेको भए नेपाल युक्रेन जस्तै ध्वस्त भएर खतम भइसक्ने थियो । त्यतिवेला वीरेन्द्रले नेपाललाई असंलग्न परराष्ट्र नीति अवलम्बन गरेर देशलाई बचाएका थिए । त्यस्तै नेपालका अहिलेका प्रधानमन्त्रीले अमेरिका र चीन बीचको लडाईको प्रतिस्पर्धामा नेपालको तठस्त नीति लियर नेपालको अस्तित्वमा संकट आउन नदिन आग्रह गरेका हुन् ।

त्यसैगरी अर्का बक्ता नेकपा (माले)का विदेश बिभाग सचीव सुरेन्द्र ढकालले नेपालको मूल्याबृद्धी १३ प्रतिशत के कारणले पुग्यो ? त्यसको खोजिनीति गर्नुपर्छ कि पर्दैन ? भन्दै प्रश्न गर्दै उत्तर पनि दिर्दै भाषण गरेका थिए । उनले नेपालले सवै आयात गरेर प्रयोग गर्ने भएको हुनाले यस्तो अवस्था आएको र नेपाल आफैले उत्पादन गरेर आत्मनिर्भर हुने गरेको भए जाहासुकै जेसुकै लडाई भएपनि नेपाललाइ केही असर पुग्ने थिएन तर अहिले युक्रेन र रुसको लडाईले तेल र खाद्यन्नमा उत्पन्न भएको अभाव र त्यही अभावका कारण १३ प्रतिशतसम्म महगी बढेको छ । यसको जवाफ विगतमा सत्तामा पुगेका र वर्तमान सत्तामा रहेकालाई जनताले सोध्नुपर्ने दिन आएको सम्बोधनका क्रममा बताएका थिए ।

कार्यक्रम अमेरिकी बिदेश साहायकमन्त्री डोनाल्ट लु नेपालमा आएको र नेपाललाई एसपीपी सम्झौतामा फसाउन खोजेको भनेर चारवोटा राजनीतिक पार्टीहरुले संयुक्त बिरोधको कार्यक्रम अप्रत्यशित राखेका हुन् । आज बिहान मात्रै तय भएको कार्यक्रममा नेकप(माले)ले बिभिन्न जिल्लामा कार्यक्रम आयोजना गरेको छ । जसमा सल्यान दाङमा समेत कोणसभा भएको छ ।

बिरोध गर्ने पार्टीहरुमा नेकपा संयुक्त, नेपालवाद पार्टी, मेतेरी पार्टी, नेकपा (माले) रहेका थिए । बक्तव्य राख्नेहरुमा नेपालवाद पार्टीका दिपक शर्माले पनि आफ्नो धारणा राखेका थिए । भने नेकपा संयुक्तका महासचीव हरिचन्द्र गैरेले पनि आफ्नो धारणा राख्दै नेपाली जनतालाई एसपीपी नेपलको हित विपरित छ । यसको बिरोधमा उत्रन ढिलो गर्नु हुदैन भन्दै उपस्थित सबैलाई आग्रह गरेका छन् । कार्यक्रमको संचालन नेकपा(माले) का केन्द्रीय सदस्य घनश्याम मिश्रले गरेका थिए ।

स्मरण रहोस् नेपालमा आउने पाउनाहरुलाई नेपालीहरुले अतिथि देवोःभव भन्ने गर्छन् । पाउन हाम्रा भगवान सरह हुन् उनिहरुलाई सत्कार गर्नुपर्छ भन्ने नेपालीहरुको संस्कार रहदै आएको छ । त्यस्तै संस्कारमा रहेर विगतमा अन्तराष्ट्रि देशका महत्वपुर्ण व्यक्तिहरु नेपाल आउदा नेपालीहरुले विगतमा त्यस्तै सत्कार गर्दै आएका छन् । तर पछिल्लो समय नेपाललाई युद्धभुमिको रुपमा प्रयोग गर्न खोज्ने अमेरिका र त्यसको काउन्टरमा नेपाललाई अमेरिकाको प्रभाव बढ्न नदिन राजनीतिक रुपमा खेल्ने चइनाका गतिविधि नेपाल देशको लागि निक्कै टाउको दुखाई बन्दै गएको छ ।

यस्तो परिस्थितिमा नेपालका कुटनीतिक क्षेत्रका विज्ञहरुले नेपालको यो अप्ठ्यारोलाई सरल सहज ढंङवाट कुटनीतिक तरवरवाट नै असंलग्न परराष्ट्र नीतिमा नेपाल रहने वातावरण बनउन भूमिका खेल्न ढिलो गर्नुहुदैन । देशलाई अफ्ठ्यारो पर्दा काम गर्न सक्ने बुद्धिजीवीपो बुद्धिजीवि अरु वेला पत्रपत्रिकामा लेख लेखेर मात्र बुद्धिजीवि कहलिने बुद्धिजीवित अफ्ठ्यारो पर्दा देश छोडेर भाग्नेहरु मात्र हुन् ।

त्यसैले वास्ताविक बुद्धिजीविहरुको परिक्षण नेपालले गर्नैपर्छ । सत्यतथ्य बाहिर ल्याउन कटनीतिक पहल नै सवैभन्दा महत्वपुर्ण उपाय हो ।

# रामेछाप डायरी

## खाँडादेवी कांग्रेस सभापति एमालेमा प्रवेश

काठमाडौं । नेपाली कांग्रेस नेतृत्वको गठबन्धन चलिरहँदा सोही पार्टीका नेताहरुमा पार्टीप्रति बितृष्णा बढेको पाइएको छ । कांग्रेसले मुलुकको बर्वादीतर्फको यात्रा अघि बढाएको भन्दै रामेछाप खाँडादेवी गाउँपालिकाका कांग्रेस सभापति एमाले प्रवेश गर्नुभएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रमबीच एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति तेज घिसिङसहित ४६ जना युवा नेता तथा कार्यकर्तालाई स्वागत गर्नुभयो । नवप्रवेसी घिसिङले कांग्रेसबाट मुलुकको बर्वादी मात्रै हुने प्रष्ट भएकोले एमाले प्रवेश गरेको बताउनु भयो । 'कांग्रेसमा बसेर अव कसैले पनि आफ्नो भविश्य र देशको भविश्य बर्वाद पार्नुहुन्न भन्ने निश्कर्षसहित जनताको प्यारो पार्टी एमालेमा पवेश गरेको हुँ,' प्रवेशपछि घिसिङले भन्नुभयो ।

## रामेछापमा गाँजा फाँड्ने अभियान

रामेछाप । रामेछाप प्रहरीले जिल्लाका विभिन्न स्थानमा रहेको ४ हजार ४ सय बोट गाँजा फाँडेर नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय रामेछापको निर्देशनमा इलाका प्रहरी कार्यालय खाँडादेवीले सो इलाका अन्तर्गतको जिम्मेवार क्षेत्रमा लगाइएको र आफैँ उम्रिएका गाँजाका बोट फाँडेर नष्ट गरेको छ । सो इलाका प्रहरी कार्यालय अन्तर्गत खाँडादेवी गाउँपालिकाको चोप्राङ, गोगनपानी, खत्रीटोल, रायगाउँ, साहुटोल, धारापानी, चुल्ठेपानी, चारघरे चरी, राकाथुम, चपाडी लगायतका क्षेत्रमा गाँजा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ । यसैगरी सुनापति गाउँपालिकाको खनियापानी, भिरकोट, रुपाकोट, बेथान, पानीट्याङ्की लगायतका स्थानमा पनि गाँजा फाँडिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय खाँडादेवी, इलाका प्रहरी कार्यालय बेथान, प्रहरी चौकी लुभुघाट, प्रहरी चौकी बेथान सित्खा, अस्थायी प्रहरी चौकी गाल्पा, अस्थायी प्रहरी चौकी साँदीडाँडाबाट खटिएको प्रहरीले गाँजा नष्ट गरेको हो । प्रहरी निरीक्षक तेजप्रसाद कँडेलको नेतृत्वमा ३० जनाको प्रहरी टोली सो काममा खटिएको थियो । जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार हालसम्म जिल्लाका विभिन्न स्थानमा ४ हजार ४ सय बढी बोट गाँजा नष्ट गरिएको छ ।

## गैरसरकारी संस्था महासंघ रामेछापको अध्यक्षमा रत्नप्रसाद कडेंल

रामेछाप । गैर-सरकारी संस्था महासंघ रामेछापको अध्यक्षमा रत्नप्रसाद कडेंल चयन हुनुभएको हो । शनिबार सदरमुकाम मन्थलीमा भएको गैर-सरकारी संस्था महासंघ नेपाल जिल्ला शाखा रामेछापको १० औं साधरण




सभा तथा ७ औं जिल्ला अधिवेशनले कडेंलको नेतृत्वमा १३ सदस्यिय नयाँ जिल्ला कार्यसमिती गठन गरेको हो । संघको उपाध्यक्षमा बलराम लामा, सचिवमा गम्भीर विक. , सहसचिवमा शुकराम घिसिङ , कोषाध्यक्षमा लक्ष्मी श्रेष्ठ चयन हुनुभएको छ ।

## म माथि लगाइएको आरोपमा कुनै सत्यता छैनः कान्छाराम

रामेछाप । नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ कान्छारामले आफूमाथि लगाइएको आरोपमा कुनै पनि सत्यता नभएको बताएका छन् । उनले आफू निर्वाचित सभापति भएको बताउदै विधि विधान अनुसार नै पार्टीलाई सञ्चालन गर्दै आएको बताएका हुन् । तामाङले भने,'मेरो विरुद्ध पार्टी कार्यालयमा दर्ता गराइएको १९ बुँदे आरोपमा कुनै पनि सत्यता छैन, यसको सामना गर्न म तयार छु ।' पार्टीभित्र देखिएको विवादको समाधानका लागि आफूले साउन १७ गते जिल्ला कार्यसमितिको बैठक बोलाइएको बताउदै उनले पार्टीभित्र उठने जाजय विषयलाई सम्बोधन गरेर अघि बढन तयार रहेको बताए । पार्टीबाट टिकट लिएर जित्ने, अनि अहिले मेरो विरुद्ध वक्तव्यवाजी गर्दै हिडन कुन नैतिकताले दिन्छ ? उनले प्रश्न गर्दै भने,'पार्टीलाई विधिमा सञ्चालन गर्न बाहिर हल्ला पिटेर होइन भित्र बहस र छलफल गर्न तयार हुनुपर्छ ।' पार्टीभित्र देखा पर्ने समस्याको समाधान पनि पार्टीभित्रैबाट हुन्छ, बाहिर हल्ला गरेर समस्याको समाधान हुन सक्दैन, तामाङले भने ।

## एसईई नतिजामा जिल्ला भरी दुई छात्रले पाए ४ जीपीए

रामेछाप । एसईईको नतिजामा रामेछापका डेढ सय भन्दा बढीले 'नन' ग्रेड् नम्बर ल्याएका छन् । सरकारी विद्यालयका दुई जना छात्रले भने ४ जीपीए ल्याएका छन् । कूल तीन हजार चार सय १९ जनाले परीक्षा दिएकोमा एक सय ५२ जनाले १रु.६ भन्दा मूनी जीपीए पाएका हुन् । उनीहरुले माथिल्लो तहमा बढ्न पाउने छैनन् । जिल्ला भरिकै शैक्षिक उपलब्धि निकै कम्जोर देखिएको यो नतिजा अनुसार तीन हजार ३ सय ११ जनाले माथिल्लो तहमा पढन पाउने अर्थत १.६ भन्दा माथि जीपीए ल्याएका छन् । जसअनुसार १.६ देखि २ जीपीएसम्म ७८१, २ देखि २.४ जीपीएसम्म एक हजार ६४, २.४ देखि २.८ जीपीएसम्म ७२३, २.८ देखि २.३ जीपीएसम्म ३६२, ३.२ देखि ३.६ सम्म जीपीएसम्म १४८ सम्म ग्रेड् ल्याएका छन् । ३.६ देखि ४ जीपीएसम्म ८१ जनाले पाएका छन् । त्यस्तै ४ जीपीए भन्दामाथि भने देशभरी जम्मा ४२ जनाले पाउँदा रामेछापमा सुनापति गाउँपालिकाको दुर्गम स्थानमा रहेको सरकारी विद्यालयका दुई जना छात्रले पाएका छन् । जिल्ला सदरमुकामका निजी बोर्डिङ् तथा सरकारी विद्यालयलाई पछि पार्दै दुर्गम गाउँको विद्यालयले उत्कृष्ठता हाँसिल गरेको हो । बेथानको डहु स्थित मावि डहुका दुई छात्र प्रतिक थिङ र राजन लामाले ४ जीपीए पाएको शिक्षा विकास तथा समन्वय इकाई रामेछापका प्रमुख भरत श्रेष्ठले जानकारी दिए । सो विद्यालयबाट एसईई परीक्षामा सहभागी बनेका २७ जना विद्यार्थी मध्ये उनीहरुले ४ जीपीए पाउदै शैक्षिक क्षेत्रमा विद्लयसंगै जिल्लाको नाम राखेका छन् ।

# कामना सेवा र सिद्धार्थ बिजनेस ग्रुपबीच सम्झौता

काठमाडौ । कामना सेवा विकास बैंक र सिद्धार्थ बिज्नेस ग्रुप अफ हस्पिटालिटी बीच सम्झौता सम्पन्न भएको छ । अब बैंकका कर्मचारी तथा ग्राहक

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

महानुभावहरुले सिद्धार्थ बिज्नेस ग्रुप अन्तर्गतका देशभर फैलिएका विभिन्न होटल, रिसोर्ट , रेस्टुरेन्ट तथा क्याफे हरुमा प्रदान गरिने उत्कृष्ट सेवा सुविधाहरुमा आकर्षक छुट प्राप्त गर्न सक्ने छन् । बैंकको ग्राहक भएको कुनै पनि प्रमाण पेश गरी यो सुबिधा सजिलै प्राप्त गर्न सकिने छन् । सम्झौताबाट ग्राहक महानुभावहरुले विशेष लाभ लिने बैंकले विश्वास लिएको उल्लेख गरेको छ ।

# एनआईबीएल एस ११ औं वर्षमा

एनआईबीएल एस क्याप्टिल लिमिटेडले मर्चेन्ट बैंकिंग तथा इन्भेष्टमेन्ट बैंकिंग क्षेत्रमा सेवा प्रदान गर्दै आएको आज १० वर्ष पूरा भएको छ ।

नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको कम्पनीले १० वर्षे सफल कार्यकालमा १८८ कम्पनीको आईपीओ तथा विभिन्न कम्पनीको हकप्रद शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा समेत कार्य गरेको छ । यस क्याप्टिल हाल ५१ कम्पनीको सेयर रजिष्ट्रारको रुपमा समेत कार्यरत छ । क्याप्टिल, योजना व्यवस्थापक रही 'एनआईबीएल




म्युचुअल फन्ड'अन्तर्गत तीनवटा बन्दमुखी र एक खुलामुखी म्युचुअल फण्ड योजनाहरू सञ्चालनमा ल्याइसकेको कम्पनीले जनाएको छ। यसमध्ये एनआईबिएल समृद्धि फण्ड-१ परिपक्क भई आफ्नो इकाइधनीहरुलाई रकम समेत फिर्ता गरिसकेको छ । साथै नयाँ बन्दमुखी योजना 'एनआईबीएल ग्रोथ फन्ड' नेपाल धितोपत्र बोर्डमा पेश भई प्रारम्भिक समीक्षाको चरणमा रहेको कम्पनीले जनाएको छ । कम्पनीले ७०० भन्दा बढि लगानीकर्तालाई लगानी व्यवस्थापन सेवा प्रदान गर्दै आइरहेको छ भने आफ्नो संस्थागत परामर्श सेवा अन्तर्गत ३४ कम्पनीलाई सेवा प्रदान गर्दै आइरहेको छ । हालसम्म कम्पनीले ३ लाख ग्राहकवर्गलाई डिम्याट खाता तथा २.२५ लाख ग्राहकवर्गलाई मेरो शेयर सेवा समेत प्रदान गर्दै आइरहेको छ । आजकै दिन १० वर्ष पूरा गरेको अवसरमा यस क्यापिटलले प्रदान गर्दै आइरहेको सेवाहरुमा विशेष छुटका साथै ग्राहकवर्गलाइ लक्षित गरी निम्न योजनाहरु ल्याएको छ। यसअनुसार डिम्याटको वार्षिक नवीकरण शुल्कमा १० वर्षको अग्रिम भुक्तानीमा थप १० वर्ष निःशुल्क नवीकरण हुने कमपनीको भनाइ छ । त्यस्तै १० रुपैयाँमा मार्केट एक्सपर्ट, व्यवस्थित लगानी योजनाको धन्यवाद अफर, लगानीकर्ताहरुमध्ये १० जना भाग्यशालीहरुलाई १० हजारबराबरको इकाइ प्रदान गरिने र यो भाग्यशाली विजेताहरुको छनोट गोलाप्रथाद्वारा फेसबुक लाइभमार्फत गरिने कम्पनीले जनाएको छ । त्यस्तै एसआईपीमा दर्ता हुने बालबालिकालाई आकर्षक उपहार प्रदान गरिने कम्पनीले जनाएको छ। यी सबै योजनामा शर्त लागू हुने कम्पनीले स्पष्ट पारेको छ । यो योजना आजदेखि यही २५ गतेसम्म लागु हुने यस क्याप्टिलले बताएको छ ।

# एनआईसी एशिया बैंकले ल्यायो 'सर्वश्रेष्ठ १० गुणा मुद्दति योजना'




एनआईसी एशिया बैंकले अतुलनीय फाइदासहितको 'सर्वश्रेष्ठ १० गुणा मुद्दति योजना' सार्वजनिक गरेको छ।देशको दूरदराजमा रहेका लाखौं ग्राहकमाझ सहज, सबल, गतिशील, विश्वसनीय र उत्तरदायी बैंकिङको अभ्यास गर्दै आइरहेको बैंकले निक्षेप रकमको १० गुणासम्म मुद्दति रकम फिर्ता हुने योजना ल्याएको हो। यो निक्षेप योजनामा उच्च प्रतिफलका साथमा ५ वर्षका लागि रु. ८४ लाखसम्मको बीमा सुविधा रहेको छ । यसका साथै यो योजनामा ग्राहकले रु. ५ लाखसम्मको निःशुल्क क्रेडिट कार्ड सुविधा र निक्षेप तथा पाकेको ब्याज रकमको धितोमा ९० प्रतिशतसम्म कर्जा सुविधा पाउने बैंकले जनाएको छ। यस योजनाका बारेमा ग्राहकलाई थप प्रस्ट पार्न जानकारीमूलक भिडियोसमेत तयार पारेको छ ।

# नेपाल बैंकको डबल धमाका मुद्दती खाता

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले नेपाल बैंक डबल धमाका मुद्दती खाता सञ्चालनमा ल्याएको छ । व्यक्तिले यो मुद्दती खातामा लगानी गरेको रकम ६ वर्ष ४ महिना २० दिनमा दुई गुणा हुनेछ भने संस्थाको हकमा ७ वर्ष ३ महिनामा मुद्दतीको रकम दुई गुणा हुने बैंकले जनाएको छ । त्यसैगरी रेमिट्यान्सबाट प्राप्त रकम यो मुद्दती खातामा लगानी गर्दा ६ वर्ष ११ महिना २ दिनमा दुई गुणा हुनेछ । यो मुद्दती खाता खोल्ने ग्राहकहरुले रु ५ लाख सम्मको क्रेडिट कार्ड सुबिधा लगायत अन्य आकर्षक सुबिधाहरु पनि प्राप्त गर्नेछन् । नेपालभरका सम्पूर्ण शाखाहरुमार्फत यो मुद्दती खाता खोल्न सकिने बैंकले जनाएको छ । नेपालभर २१९ शाखाहरु, १८३ एटिएम साथै ४७ वटा एक्सटेन्सन काउन्टर मार्फत करिब २२ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ प्रविधिमार्फत बैंकिङ सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ ।

# प्रभु र सेञ्चुरी बैंकबीच मर्जर हुने सम्झौता

प्रभु बैंक र सेञ्चुरी बैंकबीच मर्जरमा जाने सम्झौता भएको छ । दुई बैंकबीच आइतबार बेलुका आपसमा गाभ्ने तथा गाभिने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो।




दुई बैंकबीच प्रारम्भिक रुपमा १ बराबर १ शेयका अनुपातमा गाभिने गरी सम्झौता भएको हो। सम्झौता अनुसार मर्जरपछि बन्ने संस्थाको नाम प्रभु बैंक हुनेछ । सञ्चालक समितिको अध्यक्षमा सेञ्चुरी बैंकका अध्यक्ष राजेश श्रेष्ठ हुनु हुनेछ ।

सम्झौता अनुसार प्रभु बैंकका अहिलेका सिइओ अशोक शेरचन नयाँ बन्ने बैंकको सिइओ बन्नुहुनेछ । संचालक समितिमा ४ जना प्रभु बैंकबाट र तीन जना सेञ्चुरी बैंकबाट हुनेछन्। यस्तै सेञ्चुरी बैंकका सीइओ मनोज न्यौपाने डेपुटी सीइओ बन्नुहुनेछ ।

गत आर्थिक वर्षमा प्रभु बैंकले २ अर्ब ६० करोड नाफा गरेको थियो । बैंकसँग १ खर्ब ७८ अर्ब निक्षेप छ । यस्तै कर्जा १ खर्ब ४५ अर्ब छ । सेञ्चुरी बैंकले गत वर्षको वित्तीय विवरण सार्वजनिक गरेको छैन । बैंकले नाफा १ अर्बभन्दा बढी गरेको छ भने निक्षेप १ खर्बभन्दा बढी संकलन गरेको छ ।

# एनआईसी एशिया बैंकको Cash Deposit सेवा : अब नगद रकम सोझै मेसिनबाट जम्मा

'डिजिटल फस्ट बैंक' बन्ने दीर्घकालीन रणनीति अनुरुप सम्पूर्ण बैंकिङ्ग सेवा तथा सुविधाहरू क्रमिक रुपले डिजिटल माध्यमबाट प्रदान गर्ने अठोट लिएको एन आई सी एशिया बैंकले अब नगद रकम सोझै मेसिनबाट जम्मा गर्न सकिने Cash Deposit सेवाको शुभारम्भ गरेको छ ।

यस नवीन सेवा मार्फत अब ग्राहक महानुभावहरूले सहज रुपमा यस बैंकमा रहेको आफ्नो वा अन्यको खातामा नगद रकम जम्मा गर्न सक्नुहुनेछ ।

यस सेवा अन्तर्गत बैंकमा गई कुनै भौतिक फारम बिना ग्राहक महानुभावहरूले केबल खाता नम्बरको आधारमा मेसिनबाट सोझै रकम जम्मा गर्न सक्ने व्यवस्था रहेको छ । यस मेसिनबाट रू.१,००० र रू.५०० दरका नोटहरू मात्र जम्मा गर्न मिल्ने व्यवस्था रहेकोमा एक जना ग्राहक महानुभावको खातामा एक पटकमा अधिकतम रू.९९,५०० गरी दैनिक अधिकतम रू.९,९९,५०० सम्म नगद जम्मा गर्न सकिने व्यवस्था रहेको छ ।

सहज एवं सरल बैंकिङ्गलाई अंगाल्दै आएको बैंकको यस नयाँ सेवाबाट नगद जम्मा गर्नका लागि सेवाग्राहीले उक्त मेसिनमा रकम जम्म गर्न इच्छाएको खाता नम्बर उल्लेख गरेपछि मोबाइल नम्बरमा इतए प्राप्त गर्नुहुन्छ र उक्त इतए मेसिनमा उल्लेख गरेर भेरिफाइ भएपछि रकम जम्मा गर्ने प्रक्रिया प्रारम्भ हुनेछ ।

उक्त मेसिनमा आफूले जम्मा गर्न चाहेको नगद रकम राखेपछि मेसिनले सो रकम गनेर खातामा तत्काल सहज रुपमा जम्मा गरिदिने र त्यसको जानकारी




समेत एसएमएस तथा रिसिप्ट मार्फत उपलब्ध हुने व्यवस्था बैंकले गरेको छ । बैंकले यो सेवा हालको लागि आफ्नो न्यूरोड बिशालबजार शाखामा सञ्चालन गरेको र यस सेवालाई निकट भविष्यमा देशका अन्य शाखाहरूमा समेत विस्तार गर्ने योजना बनाइरहेको हुँदा नगद जम्मा गर्नकै लागि भौतिक फारम भरी बैंकको नगद काउन्टरमा लाइन लागेर जम्मा गर्नुपर्ने अवस्थाबाट ग्राहक महानुभावहरूलाई मुक्ति मिल्ने बैंकले विश्वास लिएको छ ।

साथै, यस बैंकले दैनिक रुपमा रकम झिक्न र बचत गर्न सकिने ऋबकज च्भअथअभिच मेसिनबाट समेत सेवा सुचारु गरिसकेको छ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ ।

देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङको अभ्यास गर्दै स्थापना कालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. १९ अर्ब ९२ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा करिब रू.३ अर्ब ४१ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाई समग्र वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी कर दाखिला गर्ने बैंकको रुपमा स्थापित हुन बैंक सफल भएको छ । जुन समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# अर्थ संसार

## गुराँस लाईफ इन्स्योरेन्सले दियो बिमीतलाई २१ लाँख भुक्तानी

काठमाडौं । गुराँस लाईफ इन्स्योरेन्स कम्पनि लिमिटेड क्षेत्रीय कार्यालय पोखराले २१,लाख दुई हजार रुपैयाँको चेक रकम बिमीतलाई हस्तान्तरण गरेको छ ।

कम्पनिको क्षेत्रीयकार्यालय पोखरामा २०७८ साल भदौ ३० गते रु २०




लाख बिमाङ्कको जीवन बिमा गरेका पर्वत जिल्लामा हाशिला गाउँपालिका वडा नम्बर १, स्थाई घर भई हाल पोखरा महानगरपालिका पोखरा १५ बस्ने राजु गुरुङ भन्ने यम प्रसाद गुरुङको उपचारका क्रममा असामयिक निधन भएको हुँदा उनको धर्मपत्नी मोतिमाया गुरुङलाई कम्पनीका क्षेत्रीय प्रमुख हरि शर्मा पौडेल एवं बरिष्ठ क्षेत्रीय मार्केटिङ अधिकृत श्याम प्रसाद तिमिलसिनाले सयुक्त रुपमा उक्त रकम हस्तान्तरण गरेका थिए ।

उक्त कार्यक्रममा बोल्दै क्षेत्रिय प्रमुख हरि शर्मा पौडेलले एक बत्तीले लाख बत्तीबाले जस्तै हरेक घरमा अभिकर्ताले जीबन बीमाको दियो बाल्नुपर्ने बताएका थिए । सो कार्यक्रममा बरिष्ठ क्षेत्रीय मार्केटिङ अधिकृत श्याम प्रसाद तिमिल्सेनाले जीबन बीमाले ब्यक्तिनै फिर्ता ल्याउन नसके पनि उसको आम्दानीलाई बचाइ राख्न जीबन बीमामा लगानी गर्नुपर्ने कुरामा जोड दिएका थिए ।

उक्त कार्यक्रममा कम्पनीका बरिस्ठ मार्केटिङ अधिकृत प्रकाश रेग्मी, अन्डरराईटिङ्ग बिभागमा कार्यरत यमुना श्रेष्ठ, देबेन्द्र अधिकारी, त्यसैगरी सिनियर एजेन्सी मेनेजर कृष्ण बहादुर भट्टराई, सिनियर एजेन्सी मेनेजर लक्ष्मण भट्टराई, एजेन्सी मेनेजर बिनिता सुबेदी भण्डारी, एजेन्सी मेनेजर सुरेन्द्र मोहन अधिकारी, एजेन्सी मेनेजर गणेश कुमार श्रेष्ठ, साथै अभिकर्ता गौमती गुरुङ, अभिकर्ता शान्ता खाँण लगायतको उपस्थिति रहेको थियो ।

## नमस्ते पे एपबाट आन्तरिक उडानको लागि टिकट सुचारु

काठमाडौं । नमस्ते पेले आफ्ना ग्राहकहरुका लागि आन्तरिक उडान टिकट सेवा सुरु गरेको छ ।

यो सेवा अब Android मा उपलब्ध छ र चाँडै क्षइक मा पनि लन्च गर्ने नमस्ते पे प्रयोगकर्ताहरूले अब नमस्ते पे वालेट मार्फत किफायती दरमा आन्तरिक गन्तव्यहरूको लागि उडान टिकटहरू (एकतर्फी र राउन्ड ट्रिप) किन्न सक्नेछन् । नमस्ते पे प्रयोगकर्ताहरूले भरपर्दो र सुरक्षित बुकिंग पार्टनरबाट एयरलाइन्सटिकट बुक गर्न सक्षम हुनेछन् ।




साथै, नमस्ते पेले उडान गर्नेहरूका लागिआकर्षक अफर ल्याएको छ, जहाँ उडान टिकट खरिद गर्ने पहिलो पाँच ग्राहकहरूले आफ्नो वालेटमा रु घण्ण को फ्ल्याट क्यास ब्याक पाउनेछन् । बाँकीले उडान टिकट खरिद गर्दा रु ञछण को फ्ल्याट क्यासब्याक पाउनेछन् र भाग्यशाली एक प्रयोगकर्ताले पोखराको दुईतर्फी उडान टिकट पाउनेछन् भनि उल्लेख गरेको छ ।

नमस्ते पे नगदरहित समाज सिर्जना गर्ने प्रयासमा उल्लेख्य भूमिका खेल्ने ध्येयले शुरु गरिएको डिजिटल भुक्तानी सेवा हो । आधुनिक प्रविधिको प्रयोग मार्फत सरल र सुरक्षित डिजिटल भुक्तानी सेवा प्रदान गरी बैंक र डिजिटल प्रविधिमा पहुँच भएका तथा नभएका सबै उपभोक्तालाई आधुनिक वित्तीय सेवा प्रदान गर्नु यस वालेट सेवाको उद्देश्य रहेको उल्लेख गरेको छ ।

## ग्लोबल आइएमई बैंकको ५२ औं एक्सटेन्सन काउन्टर लमजुङको सोतीपसलमा

ग्लोबल आइएमई बैंक लिमिटेडले लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं ३, सोतीपसलमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले सेवाग्राहीको बढ्दो चाप र बिस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै भोर्लेटार शाखाको मातहतमा रहनेगरी उक्त एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको हो । ग्लोबल आइएमई बैंकले ७७ जिल्लामा २८९ शाखा, २६५ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५२ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८८१ भन्दा बढि सेवा केन्द्रबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिरहेको छ ।

# किन आए अमेरिकी विदेशमन्त्री नेपाल ?



काठमाडौं । नेपालमा शक्ति राष्ट्रहरुको आगमनले नेपाल देश उनिहरुको लागि कति महत्व रहेछ भन्ने बुझाउछ । तर नेपालका नेताहरुले समयमा सही निर्णय गर्न नसक्ने र शक्ति राष्ट्रहरुको योजनामा फसेर टोक्नु र ओकल्नुमा पुगेको दिनदिनै उदाङिगदै छ । चिनियाँ कम्युनिष्ट पार्टीका प्रमुख नेपाल भ्रमण सकेर फर्कृको एकहप्ता नवित्दै अमेरिकाका विदेश साहायकमन्त्री डोनालट लु नेपाल भ्रमणमा आएका छन् ।

विश्वका अत्ति सक्तिशाली राष्ट्र अमेरिका र चीनको नेपालमा राजनीतिक प्रतिस्पर्धा देखिन थालेको छ । बाहिरवाट हेर्दा राजनीतिक पार्टीहरु नेपाल देशका भएपनि पछिल्ला घटनाहरुले अमेरिका लवी र चिनिया लवीका पार्टीहरु रहेछन् भन्ने भान हुन थालेको छ ।

चिनको रेशमी मार्गको चर्चा नेपालमा चल्न थालेपछि र उसको योजना नेपालमा केही बर्ष अगाडी निक्कै चर्चामा रहेको र नेपालमा भारतले लगायको नाकाबन्दीको वेला चिनिया रेल नेपालका लागि सामान बोकेर आउन लागेको फोटो एक भारतीय समाचार पत्रमा प्रकाशन भएपछि अमेरिका लगायत पश्चिमका मुलुकको लागि चिन्ताको बिषयमा भएको थियो ।

त्यसको लगतै अमेरिकाले पनि आफ्नो विश्व शक्तिको साखः खुस्किदै गएको र युक्रेन, सिरिया जस्ता देशहरुमा ब्याहोर्नु परेका समस्याले निक्कै चनाखो भएर चिनिया योजनालाई काउन्टरको रुपमा अगाडी सार्न नेपाललाई रोजेको सहजै देखिन्छ । त्यसैले झण्डै दुई तिहाइको नजिकमा रहेको नेकपा-नेकपाको सरकारलाई धुलिसात गराउने योजना पनि सायद अमेरिकाको तुरुप भएकै हुनुपर्छ ।

अफुभित्रका कमिकमजोरी पक्कै होलान् तर अप्रत्यशित र अनेकौ प्रयाससहरु चिनियाको पनि देखिएकै थियो केपी शर्मा

ओलीलाई जोगाउन जति चिनियाहरुले प्रयास गरेका थिय । त्यतिनै वेला अमेरिकाले देउवालाई प्रधानमन्त्री बनाउन वल गरेको थियो । याहा जित अमेरिकाको देखिन्छ । अहिले चिनिया कम्युनिष्ट पार्टीको विदेश बिभागका प्रमुख नेपाल आएपछि कम्युनिष्ट लेख्ने पार्टीहरुको बोली फेरिन थालेपछि गठबन्धन जोगाउन अमेरिकाको ढाड्स पक्कै आवश्यक परेको होला ।

अमेरिकाको योजना एमसिसि पास भइसकेको छ । एसएसपी परियोजना लागु गर्ने तयारीमा अमेरिका लागेको भन्ने कतिपय नेपालका कम्युनिष्ट पार्टीका नेताहरुले विरोध गर्दै आएका छन् । कम्युनिष्टले अमेरिकाले लागु गर्ने योजनाको विरोध गर्नु र काँग्रेसले चिनियाले लागु गर्ने योजनाको विरोध गर्नु सैद्धान्तिक कुरा होला ।

तर नेपालले यस्ता शक्ति राष्ट्रहरुको प्रतिस्पर्धाका योजनाहरुमा सजग सर्तक अपनाउन सकेन भने देशको अवस्था निक्कै भयावह अवस्था आउन सक्छ । त्यसैले उनिहरुका योजनामा फस्ने होइन मानवीय हितमा उनिहरुले गर्ने लगानी र नेपालको राष्ट्रिय अस्तित्वलाई असर नपुग्ने गरी विकासका काममा प्रतिस्पर्धा गर्नृ आउछन् भने स्वागत गर्नुपर्छ । तर देशको हित विपरित नेपाल र नेपाली जनताको भविष्य संकटमा पार्न खोज्दैछन् भने नेपालीहरुले सजग हुनैपर्छ ।

हाम्रो देश नेपाल पर्यटकवाट आम्दानी गर्ने विश्वास गर्छ जो कोही राष्ट्रका नागरिकहरु सरकारका महत्वपुर्ण व्याक्तिहरु आउन उनिहरुलाई स्वागत गनैपर्छ तर उनिहरुको उदेश्य नेपालको हितमा छकी छैन भन्ने बिषयलाई सम्बन्धित निकाय र बौद्धिक सर्कलहरुले कुटनैतिक क्षेत्रका बिज्ञहरुले अध्ययन गर्नैपर्छ ।

उनिहरु नेपालको हितमा आएका हुन् भने नेपाली जनतालाई तर्कसहित पेश गर्नुपर्छ । होइन अरुनै उदेश्य बोकेर आएका हुन भने त्यसको प्रमाणसहितको विरोधका कार्यक्रम अगाडी बढाउन सक्नुपर्छ हचुवाको भरमा गर्ने विरोध र समर्थनले असल नेपालीको परिचय दिदैन ।

यस्ता महत्वपुर्ण विषय छुट्याउन सक्नुपर्छ ।

# तोरी पहेँलै बोलको लोक दोहोरी गीत सार्बजनिक



काठमाडौं । सुरज शाह ठकुरीद्वारा निर्मित 'तोरी पहेँलै' बोलको गीत केशवराज चौलागाइको शब्द / सँगीत र रामकृष्ण थापाको सँगीत सँयोजनमा तयार गरिएको लोक दोहारी गीत बजारमा आएको छ। गितमा बिनोद दनुवार र पार्वती कार्कीले स्वर दिएकाछन् भने सुरज शाह ठकुरी र रमिला कोइरालाले गायनमा साथ दिएकाछन् ।

लोक गीतमा पश्चिमेली थेगो र काठ क्षेत्रको संयोजन रहेको छ । पुर्व मेचीदेखी पश्चिम महाकाली सम्मको समावेसी लोक गायनलाई समेट्न खोजिएको निर्माण टिमले बताएको छ ।

गीतमा कृष्ण रसाल र सिलु गजुरेल लगाएतका टिमको अभिनय रहेको छ । राज पोखरेलको छायाँङ्कन रहेको गीतमा सम्पादन भने अच्युत बजगाइले गरेका छन् । तोरी पहेँलै नामक यस गीत ओएसआर डिजिटल मार्फत सार्वजनिक गरिएको हो ।

यस अघि बिनोद दनुवारको पुर्बिय लोकलयमा आधारीत गाईघाट बजार, गाईघाट बजार २, हलेशी बजार, रौता डाडामा कान्छा कान्छि, भोर्लाको पात कत जेबई मछली जस्ता गीतहरुलाई उनका दर्शक श्रोताहरुले राम्रै रुचाई सकेकाछन् ।

केही समय अगाडि उनका आफ्नै च्यानलबाट सार्बजनिक भएका सररर बोलेरो गाडिमा, छिन छिन मै तिम्रो याद र स्वाहा भो बोलको गीतले पनि माया बटुलि नै रहेको छ । नयाँ लोक दोहोरी तोरी पहेँलै लोक दोहोरी गितको अडियो भिडियो उत्कृष्ट बनाइएको हुदा दर्शकको धेरै माया पाउने अपेक्षा गरिएको छ ।

# आलु जस्तो लवको अफिसियल टेलर सार्वजनिक

काठमाडौं । युवा पुस्तालाई लक्षित गरि तयार पारिएको आलु जस्तो लवको अफिसियल टेलर सार्वजनिक गरिएको छ । यहि साउन १२ गते बानेश्वर थापागाँउमा एक कार्यक्रम विच टेलर सार्वजनिक गरिएको हो ।

टेलर सार्वजनिक कार्यक्रममा बोल्दै लेखक निर्देशन देव प्रसाद धिमालले आफनो मेहेनतलाई दर्शकले स्विकार्नु हुन्छ हुदैन आगामी दिनले देखाउनेछ दर्शकले दिएको ताली गाली मलाई स्विकार्य छ ।

यो मेरो लागि चुनौती र अवसर दुवै रुपमा लिएको छु । उनले भनेकाछन् सिरिजमा सबै कलाकार युवा र नयाँ छन ,कथावस्तु पनि अहिलेको युवाहरुको प्रेममा आउने आरोह अवरोहको




विषयमा छ त्यो हुदा युवापुस्ताले मन पराउने बिश्वास लिएको छु । हामीले सिरिजलाई टेलिभिजनहरु संग पनि कुराकानी गरिरहेका छौ सायद चाडैं टेलिभिजनमा पनि दर्शकले हेर्न पाउनु हुनेछ उनले भने ,नयाँ कलाकारहरुको उल्लेखिय उपस्थिति रहेको यस सिरिजको मुख्य भुमिकामा दिवस नाथ, प्रियंका श्रेष्ठ ,प्रियन्सी श्रेष्ठ ,सोनियो रन्जित ,पुनम परियार ,सुमन थोप्रा लिम्बू ,भिमसेन खतिवडा ,राजकुमार शाह,विजय राज भुर्तेल,राजिव धिमाल कृष्णप्रसाद धिताल ,सविना गहतराज रोजिना गौतम अर्जुन थापा लगायतको अभिनय रहेको छ ।

विजयराज फिल्मसको सहकार्यमा निर्माण गरिएको सिरिजको छायांकन नवराज घिमिरे र प्रवेश राईले गरेका छन भने विजय राज भुर्तेल सम्पादन रहेको सिरिजको मन्जु कुमारी फुयाँल र अनिता सुवेदी धिमालको लगानी रहेको रहेको छ ।

# खेलकुद

## कोरोनाका कारण दर्शक बिनै खेल खेलाउँदा आहा रारा गोल्डकपमा १२ लाख घाटा

कास्की । २० औं आहारारा गोल्डकप फुटबल प्रतियोगिता-२०७८ मा आयोजकले १२ लाख रुपैयाँ भन्दा बढी घाटा बेहोरेको जनाएको छ । कोरोना महामारी बाबजुद आयोजक सहारा क्लब पोखराले दर्शक बिनै सेमिफाइनलसम्म खेल खेलाएको थियो ।

शनिबार आय-व्यय सार्वजनिक गर्दै प्रतियोगितामा १२ लाख ६२ हजार रुपैयाँ नोक्सानी भएको अर्थ संकलन उपसमितिका संयोजक सुनील गुरुङले जानकारी दिए । यद्यपि, साढे १२ लाख घाटा भएकोमा क्लबका विदेशमा रहेका शाखा संस्थाहरु सहारा क्लब हङकङले ५ लाख, युकेले ३ लाख र अष्ट्रेलियाले १ लाख रुपैयाँ सहयोग गरेका थिए । जसबाट नोक्सानीको केही क्षतिपूर्ति हुँदा घाटा रकम ३ लाखमा झरेको गुरुङले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

पोखरा रंगशालामा गएको वर्ष माघ ६ देखि १५ सम्म भएको प्रतियोगितामा कुल ६६ लाख ४१ हजार रुपैयाँ आम्दानी भएकोमा ६९ लाख ८९ हजार रुपैयाँ खर्च भएको छ । १० टिमले भाग लिएको प्रतियोगिताको उपाधि विभागीय क्लब एपिएफले जितेको थियो भने मनाङ मर्स्याङ्दी उपविजेता बनेको थियो ।

## कम्युनिटी शिल्डको उपाधि लिभरपुललाई

काठमाण्डौ । प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीलाई हराउँदै लिभरपुलले एफए कम्युनिटी शिल्ड जितेको छ ।



किग्ङ्स पावर मैदानमा लिभरपुलले ३-१ गोलसँगै जित निकालेको हो । लिभरपुलका ट्रेन्ट एलेक्जेन्डर आर्नोल्ड, मोहमद सलाह र डार्विन न्युनेजले १-१ गोल गरे । सिटीका जुलियन अल्भारेजले एक गोल फर्काए । प्रिमियर लिग विजेता र एफए कप विजेताले कम्युनिटी शिल्डको उपाधिका लागि खेल्ने गर्छन् । सिटीले प्रिमियर लिगको उपाधि जितेको थियो भने लिभरपुलले एफए कप जितेको थियो ।

## रुजर्मनीलाई हराउँदै महिला युरोकप- २०२२ को उपाधि इङ्ल्यान्डलाई

काठमाण्डौ । जर्मनीलाई हराउँदै इङ्ल्यान्डले महिला युरोकप-२०२२ को उपाधि जितेको छ । वेम्बलीमा गएराति भएको फाइनलमा जर्मनीलाई २-१ गोल अन्तरले हराउँदै इङ्ल्यान्ड च्याम्पियन बनेको हो ।

खेलको ६२औं मिनेटमा इला टोनी गोल गर्दै इङ्ल्यान्डलाई अग्रता दिलाएकी




थिइन् । ७९औं मिनेटमा जर्मनीका लिना मागुलले गोल गर्दै खेललाई बराबरीमा ल्याइन् ।

निर्धारित ९० मिनेटको समय १-१ गोलको बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा गएको थियो । अतिरिक्त समयमा इङ्ल्यान्डकी च्लोए केलीले एक गोल गरे सँगै जित इङ्ल्यान्डको पक्षमा गएको छ । जितसँगै इङ्ल्यान्डले पहिलो पटक महिला युरोकपको उपाधि जितेको छ ।

## खेलाडी र एन्फालाई दोष नदिनु, यसमा मेरै गल्ती छ :मेघराज केसी

काठमाण्डौ । २० वर्षमुनिको राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक मेघराज केसीले अनुभवको कमीले भारतसँग फराकिलो अन्तरको हार बेहोरेको बताएका छन् । यसमा आफ्नो गल्ती रहेको भन्दै केसीले खेलाडी र एन्फालाई दोष नदिन पनि आग्रह गरेका छन् ।

हिजोको खेलमा नेपाल भारतसँग पराजित भएपछि सामाजिक सञ्जालमा लेख्दै प्रशिक्षक केसीले भनेका छन् : 'टिमलाई सपोर्ट गर्नु भएकोमा सबै जनालई धन्यवाद,' 'खेलाडीमा अनुभवको कमी छ, तर उनीहरू प्रतिभाशाली छन् । आज हजुरहरूलाई खुसी दिन नसकेकोमा धेरै दुःखी छौँ ।'

आइतवार भुवनेश्वरको कालीङ्गा रङ्गशालामा भएको खेलमा नेपाल घरेलु टिम भारतसँग ८-० गोल अन्तरले पराजित भएको थियो ।

## राष्ट्रपति.....

अझ पनि सकिएको छैन ।

यस महामारीका कारण हाम्रो राष्ट्रिय जीवनका सबै क्षेत्रहरू प्रभावित बन्न पुगेका छन् । कोभिड १९ को सामना गर्न अवलम्बन गर्नैपर्ने कठोर उपायहरूका कारण मुलुकको शिक्षा, स्वास्थ्य, पर्यटनसहित समग्र अर्थव्यवस्थामा परेको दूरगामी प्रभाव हामीले निकै लामो समयसम्म व्यहोर्नु पर्ने देखिएको छ । मैले विगत केही समयदेखि हाम्रो मुलुकको सामाजिक-आर्थिक जीवनलाई कसरी नयाँ सोचसहित प्रगतिको बाटोमा लैजान सकिन्छ भन्ने सम्बन्धमा नेपाल सरकार, विभिन्न विषय र क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरू तथा विशेषज्ञहरूसँग निरन्तर छलफल गर्दै आएको छु । सुझावहरू लिएको र दिएको पनि छु । यसै सन्दर्भमा तपाईंहरूसमक्ष पनि केही कुराहरू राख्नु सान्दर्भिक हुन्छ भन्ने मलाई लागेको छ ।

आज मुलुकले सामना गर्नुपरिरहेका चुनौतीका 'दयगतमा चर्चा गर्दा व्यापार घाटाको विद्यमान अवस्थाबाट सुरु गर्नुपर्ने भएको छ । हाम्रा उत्पादन न्यून छन् र आयातमाथिको हाम्रो निर्भरता अनियन्त्रित रूपमा बढिरहेको छ । फलस्वरूप, विप्रेषणमा निर्भर हाम्रो वैदेशिक मुद्रा सञ्चितिलाई बढ्दो आयातले निरन्तर दवाबमा राखिरहेको छ, जसबाट देशको समग्र अर्थव्यवस्थामा नै चिन्ताको बादल छाएको छ । यस विषयमा तपाईंहरूले दैनिकजसो समाचार लेखिरहनुभएको छ, सम्बन्धित पक्षलाई घच्घच्याइरहनु भएको छ । सत्र खर्ब रुपैयाँ वरिपरिको बजेट बनाउने हाम्रो मुलुकले करिब उन्नाइस खर्ब रुपैयाँको वार्षिक आयात गर्नु सानो चुनौती होइन । अहिले एकातिर परनिर्भर अर्थतन्त्रले मुलुकको आत्मविश्वासलाई कसरी कमजोर बनाउँछ भन्ने सम्बन्धमा जनतालाई अझै सुसूचित गर्नुपरेको छ भने अर्कोतिर सरकारका तर्फबाट तत्काल सुधारका उपायहरू कडाईका साथ लागू गर्नु आवश्यक छ । केही सुरुवातहरू भएका छन्, जसलाई अझै बलियो पार्दै लैजानु पर्दछ ।

अर्थतन्त्रमा हाल देखिएका चुनौतिलाई कम गर्न तत्काल दुई उपायहरू अवलम्बन गर्नुपर्ने देखिएको छ । यसमध्ये पहिलो उपाय हो -फजुल खर्च नियन्त्रण र मितव्ययिता अवलम्बन । आर्थिक अनुशासनलाई हामीले अझ कठोरतापूर्वक पालना गर्नु आवश्यक छ । त्यसैले मैले भन्दै आएको छु- अहिले सबैले मी कस्नुपर्ने समय छ । हरेक नागरिक परिवारदेखि राज्यका निकायहरूलाई खर्च सकेसम्म नियन्त्रण गर्न मेरो आग्रह छ । आर्थिक अनुशासन र मितव्ययितालाई हामीले जीवन पद्धतिका रूपमा अवलम्बन गर्नु पर्दछ ।

दोस्रो उपाय- अर्थव्यवस्थालाई स्वावलम्बी र आत्मनिर्भर बनाउन नेपालको लागि तुलनात्मक लाभको क्षेत्रमा तत्काल नयाँ फड्को मार्ने गरी कामको सुरुवात गर्नुपर्दछ । मूलभूत रूपले कृषि, वन पर्यटन र जलविद्युतलाई तुलनात्मक लाभको क्षेत्र मानिएको' दयगत तपाईंहरू जानकार हुनुहुन्छ ।

हाल मुलुकले आयात गरिरहेको वार्षिक करिब चार खर्ब रुपैयाँ बराबरको सामग्री कृषि र वनसँग सम्बन्धित उत्पादन रहेको तथ्याङ्कले देखाउँछन् । हामीले आफैं उत्पादन गर्न सकिने धान चामल मात्रै करिब पचास अर्ब रुपैयाँ बराबरको आयात भइरहेको छ । सागसब्जी, दाल, मसला र गेडागुडी समेत उसैगरी आयात भएको देखिन्छ । फर्निचर, काठ र अन्य वन पैदावारको पनि त्यही अवस्था छ । कृषि उत्पादनबाट केही महिनामा नै लाभ प्राप्त गर्न सकिने हुनाले ठोस नीति र सकारात्मक हस्तक्षेपका माध्यमबाट उत्पादन बढाई व्यापार घाटा कम गर्ने पहलको सुरुवात यहाँबाट गर्न सकिन्छ भन्ने मलाई लाग्दछ । अहिले हाम्रो अभियान हुनुपर्दछ- खेतबारी बाँझो नराखौं । यसनिम्ति जनता आफैं जागृत हुने अवस्था निर्माण गर्न हाम्रो प्रयत्न रहनुपर्दछ । नवनिर्वाचित स्थानीय तहहरूले यस अभियानको नेतृत्व गर्न सक्दछन् भन्ने मलाई लाग्दछ ।

कोभिड-१९ का कारण मानिसको पर्यटन व्यवहार व्यापक रूपमा बदलिएको छ । अन्तरदेशीय यात्रामा बन्देजहरू कायम छन् । तसर्थ, महामारीको प्रत्यक्ष र ठूलो प्रभाव पर्यटनसँग सम्बन्धित उद्योग व्यवसायलाई परेको छ । यसलाई कम गर्दै लैजान हामीले आन्तरिक र वैदशिक पर्यटनलाई प्रवर्द्धन गर्दै क्रमशः उठाउनुपर्ने देखिएको छ ।

जलविद्युतका क्षेत्रमा हाम्रो प्राथमिकता आन्तरिक खपत वृद्धतर्फ उन्मुख हुनु पर्दछ । मुलुकले कष्टपूर्वक सञ्चित गरेको विदेशी मुद्राको ठूलो अंश पेट्रोलियम पदार्थको आयातमा खर्च भैरहेको छ । जलविद्युतलाई जनताको भान्सासम्म पुर्‍याएर एलपी ग्यासको आयात कम गर्दै लैजान सकिन्छ । पेट्रोलियम इन्धनबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारीले विस्थापन गर्दै लैजाने नीति अवलम्बन गरी हामी अर्को सुरुवात गर्न सक्दछौं । यस सम्बन्धी विद्यमान नीतिहरूको इमान्दारीपूर्वक कार्यान्वयन गर्न सबैको सचेत प्रयास आवश्यक देखिएको छ ।

पत्रकार मित्रहरू,

मैले अर्थतन्त्रको प्रसंगबाट विषयको सुरुवात गरेँ । स्वावलम्बी र स्वाधीन अर्थतन्त्र मुलुकको सार्वभौमिकतासँग प्रत्यक्ष रूपले जोडिएको हुन्छ । नेपालको मौलिक पहिचान संस्कृति र सभ्यता हाम्रो स्वाधीनतासँग गहिरो गरी अन्तरसम्बन्धित छन् । बौद्ध एवं सनातन सभ्यताहरूको विकास भएको मानिने हाम्रो भूखण्डसँग भएका सम्भावनाहरूलाई व्यवहारमा रूपान्तरण गर्न सबल शिक्षा प्रणालीको आवश्यकता रहेको छ । मुलुकको सांस्कृतिक एवं सभ्यतागत पुनर्जागरणका लागि शिक्षा नै पहिलो र एक मात्र सर्त हो ।

यसका साथै शिक्षा क्षेत्रलाई पूर्वाधारको पनि पूर्वाधार भन्ने गरिन्छ । विद्यालयदेखि विश्वविद्यालय तहसम्म नेपालले आफ्नो क्षमताअनुसार प्रशस्त लगानी गरेको भएतापनि त्यस अनुसारको प्रतिफल निस्कन सकिरहेको छैन । शिक्षाको सम्बन्ध रोजगारीसँग हुने भएकाले आफ्नो शिक्षित जनशक्तिलाई स्वदेशमा नै पेशा, व्यवसाय गर्ने वातावरण कति निर्माण हुन सक्यो भन्ने पक्ष एउटा छ । यससँगै अझ महत्वपूर्ण पक्षहरू हाम्रो शैक्षिक प्रणालीसँग जोडिएका छन्, जसमा पठन पाठनको नियमितता, विद्यार्थी र शिक्षक संख्याको अनुपात, पाठ्यपुस्तकको समयमै उपलब्धता जस्ता सवालहरू आउँछन् । विद्यालयदेखि विश्वविद्यालय सम्मकै शिक्षाको गुणस्तर, सामाजिक दायित्व, शिक्षण सिकाईको प्रभावकारिता, जनताको करबाट त्यहाँ भैरहेको आर्थिक लगानी जस्ता महत्वपूर्ण मुद्दामा सुधारात्मक उपायहरू पहिल्याउन यहाँहरूको कलम अझै चल्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

त्यसैगरी, कोभिड १९ महामारीले समग्र स्वास्थ्य क्षेत्रमा ठूलो क्रान्तिको माग गरेको छ । स्वास्थ्य पूर्वाधार, विशेषज्ञ स्वास्थ्यकर्मीहरूको उपलब्धता, स्वास्थ्यमा जनताको पहुँच जस्ता विषयमा हामीले निकट अतितबाट शिक्षा लिएर अगाडि बढ्नुपर्ने खाँचो रहेको छ । स्वच्छ पिउने पानी सरसफाई तथा सहरदेखि गाउँसम्म फोहोरको वैज्ञानिक व्यवस्थापनले मात्र हाम्रो समाजलाई स्वस्थ वस्नयोग्य सुन्दर र वातावरणमैत्री बनाउन सक्दछ ।

मुलुकको अर्थिक प्रणाली शिक्षा स्वास्थ्य विदेश नीति लगायतका आधारभूत सवालहरूमा राज्यले लिनुपर्ने दिशाका 'दयगतमा हामीलाई हाम्रो संविधानले स्पष्ट मार्गदर्शन गरेको छ । राष्टूका सामु उपस्थित अहम् विषयहरूमा संविधानलाई शीरमा राखेर सबै राजनीतिक दलहरू बिच सहमति कायम हुन सक्दछ । यसका लागि आवश्यक पर्ने जनमत निर्माण गर्न राज्यको चौथो अङ्गको रूपमा सम्मान प्राप्त गरेको सञ्चार जगतले सबै पक्षलाई निरन्तर सचेत गराउने मैले अपेक्षा लिएको छु ।

अन्त्यमा, हाम्रो प्राथमिकतामा अझैपनि गम्भीरतापूर्वक पर्न नसकेको, दैनन्दिनका समस्याले व्यस्त बनाउँदा यदाकदा छुट्न गएको तर सबैको दृष्टि पुग्नैपर्ने जलवायु परिवर्तनको विषयतर्फ यहाँहरूको ध्यान आकर्षित गर्न चाहन्छु । पर्वतीय मुलुक भएको हुनाले नेपाल जलवायु परिवर्तनबाट प्रभावित मुलुकको सूचीमा सबैभन्दामाथि छ । एकातिर पानीका प्राकृतिक मुहानहरू सुक्दै जान थालेका छन् भने अर्कोतिर हाम्रा हिमालमा हिउँको मात्रा घट्दै गएको प्रत्यक्ष अनुभव गर्न सकिन्छ । वर्षात्को प्रवृत्ति बदलिएको छ । हिमाली क्षेत्रको तापक्रम पनि निरन्तर बढिरहेको वैज्ञानिक अध्ययनहरूले निष्कर्ष निकालेका छन् । हामी आफैं ठूलो मात्रामा कार्बन उत्सर्जन गर्ने राष्ट्र होइनौं, तर जलवायु परिवर्तनको ठूलो मार हामीमाथि परिरहेको छ । यस सन्दर्भमा हामीले अन्तर्राष्ट्रिय मञ्चहरूमा खेल्नुपर्ने भूमिका बढिरहेको छ । सामुदायिक वन व्यवस्थापनका हाम्रा अनुभवले जलवायु अनुकूलनका मौलिक तौरतरिकाहरू विकास गर्न मद्दत गर्न सक्छन् । हाम्रा किसानहरूले आफ्नै अनुभवबाट विकास गरेका अनुकूलनका उपायहरू अन्य मुलुकका लागि पनि उपयोगी हुन सक्दछन् । यी ज्वलन्त विषयहरूमा विभिन्न पक्ष र क्षेत्रबाट देखाउनुपर्ने तदारुकताका सन्दर्भमा समेत तपाईंहरूको ध्यान अझ आकृष्ट हुने छ भन्ने भन्ने मेरो विश्वास छ ।

धन्यवाद !

राष्ट्रपति भवन महाराजगञ्ज काठमाडौं ।

२०७९ श्रावण १० गते मङ्गलबार

## नेपाल.....

गैरकानुनी रुपमा नेपाल यातायात ब्यावसायी राष्ट्रिय महासघ भन्दै चलाई



राखेकाछन् ।

त्यो गैर कानुनी छ ।,त्यसपछि बन्दशत्रले नयाँ कार्यसमिति केही फेर बदल गरेर परानैलाई निरन्तरता दिएको छ ।



हामीले सार्वजनिक यातायात केन्द्रीय महासंघ स्थापना गरेर कानुनी प्रक्रिया पुरा गरेर यातायात व्यवसायीहरुको हकहितमा काम गदै आएका छौ । त्यसकारण आधिकारिक यातायात क्षेत्रको छाता संगठन सार्वजनिक यातायात केन्द्रीय महासंघ भएको उनले कार्यक्रममा बताएका थिए ।

उक्त सार्वजनिक यातायात केन्द्रीय महासंघका अध्यक्ष डोल प्रसाद खनालले पनि वास्तविक यातायात क्षेत्रको अवस्था सुधार गर्न देशमा केही केही मानिसहरुले लागु गरेको गलत नीतिलाई तोड्न सार्वजनिक यातायात केन्द्रीय महासंघ लागेको छ । जसमा काठमाडौ उपत्यकामा मात्र झण्डै ८० प्रतिशत यातायात व्यवससायी सार्वजानिक यातायात केन्द्रीय महासंघमा आवद्ध भएका छन् । यो र म्रो कुरा भएको बताएका थिए ।

वास्तविक यातायात व्यवसायीहरुको छाता संगठन सार्वजानिक यातायात केन्द्रीय महासंघ हुदै गएको पुष्टि हुन थालेको बताएका थिए ।

कार्यक्रमको सञ्चालन ट्राफिक मेट्रो एफएमका बिनोद सापकोटाले संचालन गरेका थिए भने कार्यक्रमको अध्यक्षता बालाजु बाइसधारा यातायात प्रा.लि.का अध्यक्ष प्रेम बहादुर शाहीले गरेका थिए । कार्यक्रमको स्वागत मन्तव्य बालाजु बाइसधारा यातायात प्रा.लि.का सहअध्यक्ष राम प्रसाद भट्टराईले गरेका थिए, त्यसैगरी अखिल नेपाल मजदुर संघका केन्द्रीय सदस्य हरि प्रसाद ढुङगानाले शुभकामना मन्तव्य राखेका थिए ।

त्यसैगरी मन्तव्य राख्नेहरुमा सार्वजानिक यातायात केन्द्रीय महासंघका उपमहासचिव केशव नेपाल,सल्लाहकार मधुसुधन उपाध्याय, बालाजु बाइसधारा यातायात प्रा.लिका कानुनी सल्लाहकार मुक्तिनाथ आचार्य रहेका थिए ।

अतिथिहरुमा
वरिष्ठ सल्लाहकारः रामभक्त श्रेष्ठ
प्रमुख सल्लाहकारः नानीकाजी डंगोल
सल्लाहकारः भुपाल बस्नेत
उपाध्यक्षः केशव प्रसाद अधिकारी
उपाध्यक्षः प्रेम बहादुर राय
सचीवः सुमन पुडासैनी
कोषाध्यक्षः बिष्णु बहादुर तामाङ
सदस्यहरु वीर बहादुर तामाङ
कमलराज अमागाई
अनिता तामाङ लगायत रहेका थिए ।

कार्यक्रममा बालाजु बाइसधारा यातायात प्रा.लि.मा कार्यरत कर्मचारी, चालक लगायतलाई सम्मान तथा नगद पुरुस्कार प्रमुख अतिथिको हातवाट वितरण गरिएको थियो ।

## फिक्कलमा ......

सबै जानकारी फिक्कल गाउँपालिकाको नै फेसबुक पेज बाट गर्न सकिदैन ? उनले भने , तर भौतिक पुर्वाधार शाखाको दिनै पिछे जस्तो आउने भएकाले गा.पा को महत्वपुर्ण सुचना ओझेलमा पर्छ कि भन्ने भयर हो । हामिले पुन सोहि गाउँपालिकाका भौतिक पुर्वाधार शाखामा कार्यारत अ.सव ईन्जिनियर प्रदिप खुलाललाई प्रश्न गर्दा, उनको भनाइ यस्तो छः हाम्रो टिम छ हामिले सल्लाह गरेर नै आज भन्दा एक महिना अघि मात्र सञ्चालन गरेको हो । यो सञ्चालन मै रहन्छ, हामिले यसलाई बन्द गर्ने उदेश्यले खोलेका हैनौ र हामिले हाम्रो शाखावाट भएका सबै काम छर्लङ जनता सामु पुगोस भन्ने उदेश्यले फिक्कल भौतिक पुर्वाधर फेसबुक पेज सञ्चालनमा ल्याएका हौ । हामिले जनताको गुनासो समेत सम्भव भयसम्म जवाफ दिएका छौ जनताबाट आएको गुनासो चाहे फेसबुक कमेन्टमा होस चाहे म्यासेजमा । युवापुस्ताले आजको युगमा सजिलै आफ्ना गाउँ, टोलका गतिविधि थाहा पाउन र पर्दर्शी होस भनेर सूचनाको पहुचलाइ बढाउन हामिसङ भएको ज्ञान प्रयोग गरेको खुलालले बताएका छन् ।

# अन्तराष्ट्रिय समाचार

## फिलिपिन्सका पूर्वराष्ट्रपति फिडेल रामोसको निधन

फिलिपिन्सका पूर्वराष्ट्रपति फिडेल रामोसको ९४ वर्षको उमेरमा आइतबार निधन भएको छ ।

स्टेडी एडी नामले परिचित रामोस सन् १९९२ देखि सन् १९९८ सम्म ६



वर्षका लागि फिलिपिन्समा राष्ट्रपति बन्नुभएको थियो। पदमा रहँदा सादा जीवनका लागि पनि उहाँ परिचित हुनुहुथ्यो ।

सैन्य जनरल रहेकै बेला सन् १९८६ मा उहाँले मार्कोसको तानाशाहीविरूद्धको संघर्षमा साथ दिनुभएको थियो । उहाँको राष्ट्रपतिय कार्यकालमा फिलिपिन्सले उच्च आर्थिक प्रगति समेत गरेको थियो ।

## युक्रेनको माइकोलाभ शहरमा रुसको भीषण आक्रमण

युक्रेनको माइकोलाभ शहरमा रुसको भीषण आक्रमण गरेको छ । युक्रेनमा खाद्यान्न व्यापारका मुगल मानिने अर्बपति धनाढ्य ओलेक्सी भादातर्स्कीको रुसी सेनाको आक्रमणमा परी मृत्यु भएको हो । युक्रेनको दक्षिणी माइकोलाइभ शहरमा रुसी क्षेप्यास्त्र आक्रमणमा ७४ वर्षीय धनाढ्य भादातर्स्की र उनकी पत्नी राइसाको मृत्यु भएको हो ।

सोही शहरमा उनको घरमा क्षेप्यास्त्र खस्दा भादानर्सकी दम्पत्तीको मृत्यु



भएको हो । उनी युक्रेनका अन्न निर्यात गर्ने निवुलोन कम्पनीका मालिक थिए । जसलाई युक्रेनले कुनै समय 'युक्रेनका नायक' उपाधिबाट सम्मानित गरिएको थियो । माइकोलाइभका मेयर ओलेक्सान्दर सेनेकभिचले यो सम्भवत रुसी फौजबाट अहिलेसम्मकै ठूलो आक्रमण भएको बताएका छन् ।

क्षेप्यास्त्र आक्रमणमा एउटा होटेल, एउटा स्पोर्ट्स कम्प्लेक्स, दुई वटा विद्यालय र एउटा सेवा केन्द्र लगायत अन्य थुप्रै घर क्षतिग्रस्त भएका छन् । युक्रेनको प्रमुख बन्दरगाह ओदेसा जाने मुख्य मार्गमा रहेको माइकोलाइभमा रुसबाट बारम्बार हमला भइरहेको छ ।

## इरानमा बाढीका कारण ५९ जनाको मृत्यु, ३० बेपत्ता

इरानमा अघिल्लो सातादेखि परेको अविरल वर्षासँगै आएको बाढीमा परी मृत्यु हुनेको संख्या ५९ पुगेको छ ।

त्यस्तै, अन्य ३० जना बाढीमा परेर बेपत्ता भएका हुन् । थुप्रै शहर प्रभावित हुँदा १ हजार बढीलाई सुरक्षित स्थानमा स्थानान्तरण समेत गरिएको जनाइएको छ । करिब १ हजारको उद्धार गरिएको अधिकारीहरूले बताएका छन् । राष्ट्रपति इब्राहिम राइसीले मन्त्री एवं अधिकारीहरूलाई सम्भावित बाढीबाट जनधनको सुरक्षाका निम्ति उपलब्ध स्रोत-साधन परिचालन गर्न निर्देशन समेत दिनुभएको छ ।

यता अमेरिकाको पूर्वी केन्टकीमा आएको बाढीमा परेर एकै परिवारका ४ चार जना बालबालिकासहित २५ जनाको मृत्यु भएको छ ।

सोही बाढीमा परी १२ जना भन्दा बढी बेपत्ता भएका हुन् । केही क्षेत्रमा सहायताकर्मी पुग्नसक्ने अवस्था नरहेको बताउँदै केन्टकीका गभर्नर एण्डी बेसेयरले मृतकको संख्या बढ्नसक्ने बताउनुभएको छ । उहाँले बाढीका कारण बिजुली आपूर्तिमा समेत अवरोध हुँदा शनिबार बिहानसम्म राज्यभरका १६ हजार ग्राहक बिजुलीविहीन भएको बताउनुभएको छ ।

उहाँले राज्यभर आपत्काल घोषणा गरिएको र उद्धार तथा सहयोगका लागि राष्ट्रिय उद्धार सुरक्षादस्तालाई बोलाइएको बताउनुभयो । बाढीले वेस्ट भर्जिनिया र भर्जिनियाका केही भागमा पनि असर गरेको उहाँले बताउनुभएको छ ।

साथै वेस्ट भर्जिनियाका गभर्नर जिम जस्टिसले ६ वटा काउन्टीमा आपत्काल घोषणा गर्नुभएको छ । पूर्वी केन्टकीका केही क्षेत्रमा आइतबार पनि बाढीको चेतावनी दिइएको छ । मौसम पूर्वानुमान सेवाले उक्त क्षेत्रका नदीनालामा जलसतह बढ्ने भविष्यवाणी समेत गरेको छ ।

# स्वास्थ्य

## बालबालिकामा ब्लड क्यान्सरको लक्षण ?

जनमानसमा क्यान्सरको बारेमा धेरै भ्रम छ। क्यान्सर लागेपछि मान्छे मर्छ, उपचार गर्दा थुप्रै आर्थिक भार पर्छ भन्ने सोच गहिरिंदो छ। अझ कतिपय मानिस त उपचार समेत गर्न नजाने गरेको पाइन्छ। यो आलेखमा चर्चा गर्न खोजिएको बालबालिकामा हुने क्यान्सरको बारेमा झनै जनचेतनाको अभाव छ। नेपालमा बालबालिकामा हुने क्यान्सरका बारेमा सही तथ्यांक पाउन गाह्रो छ। पछिल्ला दिनमा ब्लड क्यान्सरका कारण अस्पताल जाने र उपचार प्रक्रिया अपनाउने दर भने बढ्दै गएको देखिन्छ।

बालबालिकामा हुने ब्लड क्यान्सर कस्तो ?

रक्त कोषिकामा संख्यात्मक एवं रुपको परिवर्तन हुँदा क्यान्सर हुन्छ। बालबालिकामा  सामान्यतया दुई प्रकारको ब्लड क्यान्सर देखिने गरेको छ। एउटा ल्युकेमिया र अर्को लिम्फोमा।

ब्लड क्यान्सरको शंका कहिले गर्ने ?

-लामो समयसम्म ज्वरो आएमा
-जोर्नी सुन्निएमा, दुखेमा
-पेट फुलेमा वा साह्रो भएमा
-फियो कलेजो सुन्निएमा
-बच्चा अचानक दुब्लो हुँदै गएमा
-शरीरका विभिन्न भाग अर्थात् घाँटी, काखी वा अन्य भागमा गाँठो आएमा
-चोटपटक बिना गिजा वा नाकबाट रगत बगेमा
-रक्तअल्पता भएमा
-महिनावारी भएका किशोरीहरुमा अत्यधिक रगत बग्ने समस्या देखिएमा

यी सबै लक्षण एउटै बच्चामा नदेखिन सक्छ, कुनै एउटा लक्षण लामो समय देखिएको छ भने पनि नजिकको स्वास्थ्य संस्थामा गए परामर्श लिनुपर्छ। चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार आवश्यक परीक्षण गराउनुपर्छ।

प्रयोगशालाले कसरी निदान गर्छ ?

१. पूर्णरक्त गणना
२. परिधीय रगत परीक्षण

यी दुईवटा परीक्षण गरेर सामान्य रूपमा सेतो रक्तकोषिका, हेमोग्लोबिन लगायत रातो रक्तकोषिकाको समेत संख्या, रुप र विकास प्रक्रियाको केही चित्रण गर्न सकिन्छ। यी परीक्षणबाट ब्लड क्यान्सरको केही संकेत मिल्यो भने तेस्रो चरणको परीक्षण गरिन्छ। जसमा अस्थी मज्जा परीक्षण वा वायोस्पी पर्छ। हुन त दुवै हड्डी मज्जा परीक्षण गर्ने प्रक्रिया हुन्। तर अस्थी मज्जा परीक्षण विधिमा हड्डी मज्जाको तरल भागको नमुना लिइन्छ भने बायोप्सीमा हड्डी मज्जाको ठोस, स्पन्जी भागको नमुना लिनुपर्ने हुन्छ। यो परीक्षणबाट ब्लड क्यान्सर भए नभएको पुष्टि हुन्छ।

चौथो चरणमा कस्तो प्रकृतिको अनि कुन रक्तकोषको क्यान्सर हो भनेर किटान गर्न निम्न जाँच गरिन्छ।

फ्लो सिटोमेट्री र सिटोजेनेटिक्स/मोलुक्युलर स्टडिज जिनको परीक्षण गरेपछि बिरामीलाई कुन उपचार पद्धतिबाट उपचार गर्ने भनेर मार्गदर्शन गर्दछ। उपचार प्रक्रियामा गइसकेपछि पनि बिरामीको निरन्तर रगतको परीक्षण भने गरिरहनुपर्छ।

पाँचौं चरणमा अर्को परीक्षण गरिन्छ, जसमा उपचार गरिरहँदा कति क्यान्सर कोष बाँकी छ भनेर हेरिन्छ।

ब्लड क्यान्सरको उपचार कहाँ हुन्छ ?

सही समयमा उपचार सुरु गरेमा बालबालिकामा हुने रक्त क्यान्सरको प्रकृति हेरेर पूर्ण रूपमा निको समेत हुन्छन्।

नेपालमा बालबालिकामा हुने रक्त क्यान्सर सम्बन्धी उपचार गर्ने प्रमुख सरकारी अस्पताल यी हुन्।

कान्ति बाल अस्पताल, महाराजगञ्ज
त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज,
वीर अस्पताल, महाबौद्ध
भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर
बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर
निजामती कर्मचारी अस्पताल, नयाँ बानेश्वर

क्यान्सरले निम्त्याउने समस्या

क्यान्सरको बिरामीलाई विभिन्न शारीरिक समस्या हुन सक्छ। शारीरिक अशक्तताका कारण परिवार र आफन्त मानसिक तनावमा हुन्छन्। निदान पद्धतिको पहुँच सर्वसुलभ नहुने र 'रेफेरल चेन' सही तरिकाबाट समयमै नहुँदा क्यान्सर प्रभावित बालबालिकाका परिवारलाई आर्थिक भार बढी पर्नसक्छ। काठमाडौं बाहिरका बिरामीका परिवार आउँदा जाँदा लाग्ने यातायात तथा काठमाडौं बस्नुपर्दा लाग्ने खर्च, निदान र उपचारमा लाग्ने समय अनि खर्चको डरले उपचार नै नलिई बस्ने अर्थात् ढिलो उपचार गर्न आउने गरेको पाइन्छ।

## शहिद

रचनाकारः सुनिल घिसिङ

सहिद तिम्रो बलिदानलाई बिर्सेछ यो देशले
तिम्ले त्यागेको प्राणलाई बिर्सेछ यो देशले

स्वतन्त्रताको लागि आफैंलाई दाउमा राखेर
तिम्ले गरेको योकदानलाई बिर्सेछ यो देशले

ती गोलिका बर्षात,ती वारुदका छर्राहरुले
वनाएको तिम्रो चिहानलाई विर्सेछ यो देशले


तिमी आफ्ना लागि हैन,देशको लागि लडेका हौ
तिम्रा आमाका आसुको मुहान बिर्सेछ यो देशले।

# सुसेली संग्रह रातो गुलाफ संगै सुसेल्दा



पुस्तक समिक्षा

नुवाकोटका वरिष्ठ कवि साहित्यकार, अध्यात्म चिन्तक वासुदेव गुरागाईको नविनतम कृति रातो गुलाफ सुसेली सङ्गह हालै बजारमा आएको छ। उहाँले ६८ पृष्ठको यस पुस्तकमा ६ वटा शिर्षकमा ४०० भन्दा धेरै उत्कृष्ट सुसेलीहरू समावेश गर्नुभएको छ। पुस्तकको पहिलो सुसेली पढ्न सुरुवात गरेदेखि अन्त्य नभएसम्म दायाँबायाँ नगरी पढिरहुँ झैं लाग्ने उहाँका सुसेली सिर्जनाले मेरो मन मस्तिष्क छोएको छ। सुसेलीका पारखी हरेक पाठकलाई पुस्तक पढेपछि यो अनुभुति हुने विस्वासका साथ रातो गुलाफ सुसेली सङ्गहका विषयमा सुसेलीकै माध्यमबाट छोटो टिप्पणी गर्ने जमर्को गरेको छु




रातो गुलाफ
सङ्गहमा सुसेली
छोटो टिप्पणी

रातो गुलाफ
अठसट्ठी पेजमा
पढ्न खुल्ला छ।

पढ्नु भाग्य हो
लेख्यौ तीसौं पानामा
राम्रो काव्य यो।

शुभकामना
नुवाकोटे सुसेली
आए आँगन।

नम शिवाय
ॐ नमो भगवते
वासुदेवाय।

चमत्कार भो
सुसेलीको विधामा
वासुदेवको।

रातो गुलाफ
सौर्न्दर्यको द्योतक
प्रेम प्रतीक।

भयो बिहान
आफ्नै राष्ट्रियताको
गर्यौ बयान।१

चन्द्रसुर्यले
सुसज्जित झण्डा यो
बोकौं गर्वले।

नेपाल हाम्रो
अरूभन्दा पटक्कै
छैन नराम्रो।

धर्म संस्कृति
परंपरा संगाली
देख्यौ प्रकृति।२

दही चोरेर
दैव बने कृष्णजी
ठेकी फोरेर।

दुप्चेको शिला
कस्ले बुझ्न सक्छ र
दैवको लीला।

नारी वेदना
जागरण संस्कृति
दियौ प्रेरणा।३

बाबा निष्ठुरी
डाँडापारि हुत्याए
आफ्नै कस्तुरी।

जाग महिला
पुरुषको हैकम
तोड पहिला।

नारी भक्ति हो
नहेप ए दुनियाँ
आदि शक्ति यो।

साथी सहेली
दियौ प्रेम रसमा
मीठा सुसेली।४

गयो कलेज
दायाँबायाँ नजर
छैन नलेज।

ताल्चा फोरेर
के के लाने सोच छ रु
दिल चोरेर।

माया लाग्छ नि
स्वार्थ पुरा गरेर
पर भाग्छ नि।

ठट्टा गरेछौ
हाँस्य व्यङ्ग्य भरेछौ
ज्ञान छरेछौ।५

कुवाको पानी
हाँस्न थाल्यो मेलम्ची
खानी नखानी।

पद ठूलै छ
ढोकाबाट किन हो रु
झ्याल खुल्लै छ।

हिलो टेक्तिन
म हुँ खाँटी किसान
हलो बोक्तिन।

हाम्रो समाज
मानवीय जीवन
पार्यौ प्रकाश।६

घन्क्यो सुसेली
गाउँबेसी रमायो
बन्यो कोसेली।

घोडा चढेर
म त पाको भुको छु
आफैं लडेर।

जात के हो र
मान्छे सबै समान
भात के भो र।

नाचे मयुरी
वासुदेव गुरुका
तिखा सुसेली।

धन्यवाद छ
यो सुसेली विधाको
मीठो स्वाद छ।


दुर्गा अधिकारी भमरकोटे
अध्यक्ष
राष्ट्रिय सुसेली मञ्च नेपाल।

# पुस्तक चर्चा : डा.मधुसूदन लामिछानेको पुसतक 'प्रतिभा परिचय'



**तेजप्रकाश बानियाँ**

साहित्यकार डा.मधुसूदन लामिछानेको जन्म वि सं २०२४ वैशाख १५ गते दमाचौर १, छत्रेश्वरी सल्यानमा भएको हो। माता सुमित्रा लामिछाने र पिता बुद्धिराज लामिछानेका सुपुत्रको रूपमा जन्मनु भएका मधुसूदनको बाल्यकाल मातापिताकासाथ घरमा बित्यो। उहाँ बाल्यकाल देखि नै मिहिनेती लगनशील र अनुशासित हुनाले पढाइमा अब्बल विद्यार्थी हुनुहुन्थ्यो उहाँले कखरा घरैबाट सिक्नु भयो। पछि भानुभक्त मावि दमाचौरबाट एसएलसी उत्तीर्ण गर्नु भयो। पहिलादेखिनै शिक्षक पेशा अपनाउनु भयो र शिक्षण कर्म गर्दै जाँदा आफ्नो योग्यता पनि निरन्तर बढाउँदै विद्यावारिधिको उपाधिसमेत हासिल गर्नुभयो। हाल उहाँ रत्नराज्य मा वि, बानेश्वर र वानेश्वर वहुमुखी क्याम्पस, शान्तिनगरमा अध्यापन एवम् प्राध्यापन कार्यलाई निरन्तरता दिइरहनुभएको छ। समयलाई अत्यन्त महत्त्व दिनुहुने मधुसूदनले पण्डित नरेन्द्रनाथकृत महाभारतको विश्लेषण, संयुक्त महाकाव्य, मुक्तक, कविता लगायत आधा दर्जनभन्दा बढी पुस्तक प्रकाशित गर्नु भएको छ। चौथाइ दर्जन कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन्। त्यसपछिको 'प्रतिभा परिचय'शीर्षकको पुस्तक मेरो हातमा छ। यस्तै मधुसूदनले २ दर्ज भन्दा बढी विभिन्न संघसंस्था र व्यक्तिहरूबाट नगद पुरष्कार, कदरपत्र र सम्मान प्राप्त गर्नुभएको छ। अन्तर्वस्तुको वारेमा भन्नुपर्दा प्रतिभा परिचय शीर्षक यो किताव, गोपाल पराजुलीले बाल साहित्यका क्षोत्रमा देशलाई पुर्‍याएको योगदान एवम् अन्यकामको इज्जत र सम्मान स्वरूप लेखिएको हुँदा अरू कुनै विषय समेटिएको छैन। शुरूमा भूमिकाको रूपमा प्रा डा कुलप्रसाद कोइरालाले 'प्रतिभा परिचय' शीर्षकमा आफ्नो धारणा राख्नुभएकोले पुस्तकको गरिमा झनै बढेको छ। पुस्तकमा भूमिका, मङ्गलाचरण र मुख्य विषय पूरै छन्दोवद्ध गरिएको छ। शीर्षक जे दिएपनि गोपालले गरेको समाजसेवा, साहित्यमा पुर्‍याएको योगदान, जीवनको भोगाइमा आइपरेका आरोह, अवरोह, अनेकौं चुनौतीको सामना जस्ता गोपालका जीवनसँग सम्बन्धित कुनै कुरामा कञ्जुस्याइँ नगरी लेखकद्वारा सबैजसो कुराहरू समेटिएका छन्।




अर्को प्रशंग, गोपाल पराजुलीले पच्चिस प्रतिभा शीर्षक दिएर एउटा पृथक्खाले काम गर्नुभएको छ। एउटा पुस्तकमा, बितेका र हराएर लोपहुने अवस्थामा पुगेका २५ जना साहित्यकारहरूको छोटकरी इतिहास नै समेट्नु भएको छ। यस्ता विद्रानहरू एउटामा २५ जनाका हिसावले ८ गोटा पुस्तक तयार गरेकोमा त्यसमा डा. मधुसूदनले आफ्नो लेखमा अझ सजिलो पारेर २०० जनाको नाम पहिलो पुस्तक देखि आठौं पुस्तकसम्म कुन पुस्तकमा कसकसको नाम छ भनेर जानकारी दिनुभएको छ। मधु कति महान र फराकिलो छाती भएको व्यक्ति हुनुहुन्छ भन्नेकुरा तलको कविताबाट पनि अनुमान गर्न सकिन्छ।  उता खल्ती भर्नेहरू छन् हजार।

यता कर्म गर्नेहरू बारबार
निचो अग्लिएको सधैं देख्न पाऊँ
सदा काव्यको दीप अर्को जलाउँ।१।(पृष्ठ १४ श्लोक ३९)

सादा जीवन उच्च विचारका धनी मधुसूदन लामिछाने देशभक्त हुनुहुन्छ। समाजमा जकडिँदै गएको हत्या, हिसां, आतङ्क, चन्दा अशुली, भ्रष्टाचार जस्ता दुष्कर्मले आक्रान्त अवस्थाप्रति चिन्तित हुनुहुन्छ। त्यस्तै अरूधेरै दुष्कर्महरूले निम्त्याएको विकृति प्रति चिन्ता व्यक्त गर्नु भएको छ। समाजमा फैलँदै गएको विकृतिको मुख्य कारक तत्व  नैतिक शिक्षाको अभावलाई पनि मान्नु भएको छ। विभिन्न सामाजिक विभेदले तल परेका र पिछडिएका वर्गहरूप्रति खेद प्रकट गर्नुहुन्छ।

अन्त्यमा, यो पुस्तकमा गोपाल पराजुलीको बारेमा जानकारी त छदैछ, अरूको खुशीमा रमाउने र दुखमा साथ दिएर दःुख बाँढ्ने डा मधुसूदनको प्रस्तुतिको तरिका र उहाँको साहित्यको स्तर उच्च भएकोले नातिदेखि हजुर्वासम्म सबै उमेरका पाठकहरूका लागि  बौदिक खूराकको रूपमा, यो पुस्तक पठनीय छ। यसका  लेखक मधुसूदनको साहित्य लेखनले अझै शिखर चुमोस्। अहिलेसम्म एकदुई जनाको ख्यातिप्राप्त पुस्तकहरू बाहेक अंग्रेजीमा प्रकाशित गर्न सकिएको छैन। यो असल साहित्यको अभावले नभई अनुवाद र लगानीको अभावले नसकिएको हो। तसर्थ मधुसूदनको कृतिले विदेशी साहित्यसँग दाजिन सकोस् भन्ने आशा र विश्वासकासाथ आजलाई यत्ति।

# टाटा नेक्सन ईभीले एक वर्ष पार गर्यो

काठमाडौ । सिप्रदी ट्रेडिङप्रा.लि.ले टाटा नेक्सन ईभीको नेपाली बजारमा विक्रीवितरण प्रारम्भ भएको प्रथम वर्ष मितिः २०७९ साउन ११ गते सफलता पूर्वक पूरा गरेको छ । यसईभीको उत्पादन भारतको अग्रणी विद्युतीय गाडी निर्माता टाटा मोटर्स्द्वारा गरिएको हो । नेपालमा विद्युतीय गाडीको अवलम्बनलाई नयाँगति दिने उद्देश्यले सिप्रदीले नेक्सन इभी नेपालमा ल्याएको थियो ।

एक वर्षको छोटो अवधिमै यसले आफूलाई एक अत्यन्त लोकप्रिय विद्युतीय गाडीको रुपमा स्थापित गरेको छ। मुलुकको विद्युतीय गाडीको कुल बजारको बढी अंश नेक्सन इभी एक्लैले ओगटेको उल्लेख छ ।

यो उल्लेखनीय सफलताको प्रमुख कारण आकर्षक वनावट, समुन्नत जिपट्रन प्रविधि, न्यून संचालन खर्च, उत्कृष्ट कार्यक्षमता आदि हुन् । यसैगरी द्रुत चार्जिङ्ग क्षमता, लामो ब्याट्री आयु र समुच्च सुरक्षाका विशेषताहरुबाट यो सुसज्जित छ ।

फास्ट चार्जिङ्ग र स्लो चार्जिङ्ग दुवैको लागि चर्जिङ्ग स्टेसनको वृहत संजाल एवं अत्याधुनिक सुविधा सम्पन्न सेवा केन्द्रले गर्दा पनि नेक्सन इभीले आफूलाई सर्वोत्कृष्ट साबित गर्न सक्षम भएको उल्लेख गरेको छ ।

यो गाडीलाई नेपालकै पहिलो एवं स्मार्ट इभी चर्जिङ्ग एप - इजी एप-मार्फत चार्ज गर्न सकिछ । यो एपको प्रयोग हाल १ हजार भन्दा बढी




परिवारहरुले गरिरहेका छन् ।

दक्ष कर्मचारी एवं भौतिक संशाधनहरुको प्रभावकारी परिचालन गरि सिप्रदीले नेक्सन इभीका हरेक ग्राहकहरुले घरमा चार्जर जडान गर्ने प्रक्रिया पनि संचालन गरिरहेको छ । यस कम्पनीको १६ डिसी फास्ट चार्जरको सबैभन्दा व्यापक संजाल रहेको छ भने यसले हालसम्म होटेल, अस्पताल, बैंक, मल र रेस्टुरेन्ट जस्ता सार्वजनिक स्थानहरुमा १२० भन्दा बढी एसी चार्जरहरु जडान गरेको छ ।

नेक्सन इभीको नेपालमा विक्रीवितरण भएको प्रथम वर्ष पूरा भएको अवसरमा यसको ग्राहकहरुलाई लक्षित गर्दै विभिन्न कार्यक्रमहरुको आयोजना गर्दैछ । यस्ता कार्यक्रमहरुले उनीहरुको यस गाडीसँगको सम्बन्धलाई अझ विशेष बनाउने कम्पनीले विश्वास उल्लेख गरेको छ ।

# नाडा अटो एक्सपो २०२२ स्थगित

काठमाडौ । २०७९ साल भाद्र ७ गते देखि १२ गतेसम्म काठमाण्डौको भृकुटी मण्डपमा सम्पन्न गर्ने भनिएको नाडा अटो एक्सपो २०२२ स्थगित



भएको छ ।

सरकारले कार, जीप र भ्यानको आयातमा लगाएको प्रतिबन्ध २०७९ को श्रावण १ गते देखि खोल्ने भनिएकोमा सो समयावधि अझ थप गरेर २०७९ भाद्र १४ गतेसम्मका लागि विस्तार गर्नुका साथै १५० सि.सि भन्दा माथिका दुई पाँग्रे सवारी साधनहरुको आयातमा समेत थप प्रतिवन्ध लगाए पछि नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल यस्तो निर्णय गर्न वाध्य भएको बिज्ञप्तिमा उल्लेख छ ।

नाडाका अध्यक्ष ध्रुव थापाको अध्यक्षतामा मिति २०७९ श्रावण ८ गते काठमाण्डौमा बसेको नाडाको केन्द्रीय कार्य समितिको सातौं बैठकले यस्तो निर्णय गरेको नाडा अटो एक्सपो समितिका सभापति अनुप बरालले सो जानकारी दिएका छन् ।

# नेपालमा स्कोडा कुशाकको एक वर्ष : ४०० युनिट बिक्री, स्कोडाको बिक्री बढ्यो ५६० प्रतिशत

काठमाडौं । नेपालको सबैभन्दा बढी रुचाइएको युरोपियन एसयूभी स्कोडा कुशाकले नेपालमा एक वर्ष




पुरा गरेको छ । नेपालका लागि आधिकारिक वितरक एमएडब्लु स्कोडाले गत वर्ष साउनमा कुशाकलाई सार्वजनिक गरेको थियो जसको लगत्तै यो नेपाली बजारमा 'हिट्' सावित भयो ।

यसको ड्राइभिङ डाइनामिक्स, लुक्स, पर्फर्मेन्स, कम्फर्ट र थ्रिलिङ तथा टिएसआई इन्जिनका कारण स्कोडा नेपालले सार्वजनिक भएको १५ औं दिनमा ७५ वटा युनिक कुशाक एकै दिन डेलिभरी दिन सफल भएको थियो । त्यसयता गत आर्थिक वर्षभरि कुशाकप्रति ग्राहकको आकर्षण अनवरत रहिरहेको एमएडब्लु स्कोडाले बताएको छ । कुशाक सार्वजनिक भएयता नेपालमा स्कोडाको विक्री गत वर्षले भन्दा ५६० प्रतिशतले बढेको कम्पनीको भनाइ छ । एक वर्षमा चार सय युनिट विक्री भएको स्कोडा कुशाकको मार्केट शेयर आफ्नो सेग्मेन्टमा १८ प्रतिशत रहेको समेत कम्पनीको भनाइ छ । 'नेपालमा लन्च भएपछि कुशाकले स्कोडा ब्रान्ड र नेपाली अटो क्षेत्रमै आफूलाई सेग्मेन्टलाई परिभाषित गर्ने एसयूभीका रुपमा उभ्याउन सफल भएको छ,' स्कोडा एमएडब्लुका कार्यकारी निर्देशक रौनक अग्रवालले भने, 'कुशाकलाई माया गर्ने र स्कोडा ब्रान्डसँग बलियो सम्बन्ध स्थापित गर्ने सबै ग्राहकसँग कुशाकको एक वर्षे कोशेढुंगालाई मनाउन पाउँदा हामी हर्षित छौं । कुशाकलाई माया गर्ने सबैप्रति हामी आभार व्यक्त गर्न चाहन्छौं ।' स्कोडा कुशाक एम्बिसन, एक्टिभ र स्टाइल गरी तीन ट्रिम अनि क्यान्डी ह्वाइट, ब्रिलियन्ट सिल्भर, कार्बन स्टिल, हनि ओरेन्ज र टर्नेडो रेड गरी पाँच कलरमा उपलब्ध छ । नेपालमा स्कोडाको मूल्य ४९ लाख ९० हजार देखि ७१ लाख ९० हजार रुपैयाँसम्म रहेको छ ।

# यामाहाको नियो रेट्रो मोटरसाइकल

द अल न्यु यामाहा एफजेड-एक्स नेपाली बजारमा क्रसओभर मोटरसाइकलको रुपमा भित्रिएको हो । नियो रेट्रो डिजाइन थिंकिङबाट प्रभावित यो मोटरसाइकल पहिलो पटक गत बैशाख मध्यमा भृकुटीमण्डमा सम्पन्न यामाहा महा एक्सचेन्ज मेलामा सार्वजनिक गरिएको थियो । त्यसको करिब एक महिना पश्चात जेठ मध्यमा यो मोटरसाइकल औपचारिक रुपमा लन्च गरिएको थियो । नेपाली बजारमा यसको मूल्य ४ लाख ३५ हजार ९ सय रुपैयाँ तोकिएको छ । फ्युचर प्रुफ फिचरद्वारा सुसज्जित यो मोटरसाइकलले प्रत्येक राइडलाई इन्ह्यान्स गर्छ भने क्लासिक करिज्मा ट्रेडमार्क उपलब्ध गराउछ । यी सबैका कारण न्यु जेनेरेसन राइडरहरुलाई यसले प्रभावित गर्न सक्ने क्षमता राख्छ । यो मोटरसाइकलमा भएका टफनेस, डिजाइन, कम्फर्ट, कनेक्टिभिटी र सेफ्टी सबैले एकमुष्ट रुपमा राइडरलाई फ्रिडमको प्रत्याभूति प्रदान गर्छ ।

इन्जिन : यो मोटरसाइकलमा १४९ सीसी सिंगल सिलिन्डर टु भल्व एफआई इन्जिन छ, जसले १२४ पीएस पावर र १३.३ एनएम टर्क जेनेरेट गर्छ । अघिल्लो पांग्रामा एबीएस सहितको डिस्क ब्रेक र पछिल्लो पांग्रामा समेत डिस्क ब्रेक रहेको यो मोटरसाइकलको दुवै पांग्रामा डिस्क ब्रेक रहेको छ । फ्रन्टमा टेलिस्कोपिक फोर्क र रियरमा ७-स्टेप एड्जस्टेबल मोनोक्रस सस्पेन्सन रहेको यो मोटरसाइकलमा सिट हाइट ८१० एमएम छ भने ग्राउन्ड क्लियरेन्स १६५ एमएम छ । फ्युल गेज, स्पिडोमिटर आदि सबै डिजिटल रहेको यो मोटरसाइकल हेडलाइट, ब्रेकलाइट, टर्न सिग्नल आदि सबै एलईडी छन् भने १० लिटरको इन्धन ट्यांकी रहेको छ ।

फिचर : यो मोटरसाइकलमा एलसीडी मिटर, अन्डर काउल, वाई कनेक्ट एप, डीआरएल सहितको बाई-फङसनल एलईडी हेडलाइट, एबीएस, ब्ल्याक प्याटर्न टायर, फ्रन्ट फोर्क बुट सहितको टेलिस्कोपिक सस्पेन्सन आदि यसमा भएका महत्वपूर्ण विशेषता हुन् । वाई कनेक्ट एपको सहयोगले ब्लुटुथमार्फत मोबाइलमा कनेक्सन गरेर बाइकमा भएका विभिन्न विशेषता थाहा पाउन सकिन्छ । यसबाट इन्धन कति छ, पार्किङ कहाँ गरिएको छ ।

उत्पादन बढाऔं र औद्योगिकरणमा सहयोग गरौं
- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- बचत गरी बैंक तथा वित्तिय संस्थामा रकम जम्मा गरौं ।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस